# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

५०
पूर्णाङ्क

संशोधन-मण्डल

का. मे. अ. द. नं. १५५/२४६

तदिह न गुणदोषौ योजनीयावलीकौ

कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

–बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

१३ वर्ष

२ अङ्क

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

सम्पादक–

महेशराज पन्त

दिनेशराज पन्त

प्रकाशक–

देवीप्रसाद भण्डारी

(संशोधन–मण्डलद्वारा)

सहयोगी–

रामजी तेवारी

यस अङ्कको मूल्य रु. १०।–

# विषयसूची

| | | | पृष्ठ |
|---|---|---|---|
| १. | ऐ. शि. बाबुराम आचार्यले रचना गर्नु भएको नेपालको संक्षिप्त इतिहास | — देवीप्रसाद भण्डारी | १–२५ |
| २. | श्री ५ पृथ्वीनारायण शाहको उपदेशको व्याख्यात्मक संस्कृतपद्यानुबाद | — नयराज पन्त | २५–४० |
| ३. | श्री ५ पृथ्वीनारायण शाहको अप्रकाशित पत्र | — दिनेशराज पन्त | ४१–४३ |
| ४. | मेरो अवस्था यस्तै छ | — नयराज पन्त | ४४ |

---

# शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| २ | १५ | गन्धर्ब | गन्धर्व |
| ७ | २५ | बि. सं. | वि. सं. |
| १४ | ७ | धरेलु | घरेलु |
| १८ | ७ | भोवसंग | भोटसँग |
| १९ | ५ | धेरा | घेरा |
| २८ | १ | गृण्हन्तो | गृह्णन्तो |
| २८ | २१ | पूर्वब्यवस्था | पूर्वव्यवस्था, |
| ३३ | १६ | वस्त्रम | वस्त्रम् |
| ३४ | १ | सस्कृतच्छाया | संस्कृतच्छाया |

(क्रमागत)

# ऐ. शि. बाबुराम आचार्यले रचना गर्नु भएको
# नेपालको संक्षिप्त इतिहास

सम्पादक – देवीप्रसाद भण्डारी

## अठाह्रौं परिच्छेद

## पृथ्वीनारायण शाहको पहिलो उद्योग र एकीकरणको आरम्भ

[ई. सं. १७४२–५७][१]

१। ई सं. १७४२ का ३१ मार्च[२]का दिन गोरखाका राजसिंहासनमा पृथ्वीनारायण शाहले पदार्पण गरे। मध्ययुगका आरम्भमा नासिएका नेपाल राज्यलाई आफ्ना बाहुबलले र बुद्धिका जोरले फेरि खडा गर्ने जो महत्वाकाङ्क्षा पृथ्वीपति शाहका समयमा पैदा भएको थियो, त्यसलाई गोरखालीले कहिल्यै भुलेनन्। नयाँ राजा राजसिंहासनमा बस्नेबित्तिकै सिमानाका एक रियासतमा आक्रमण गर्ने नियम चलिआएको थियो। छिमेकका लमजुङ र तनहुँका रियासतहरूसँग मित्रसम्बन्ध कायमै रहेको हुनाले लमजुङसँगका सन्धिपत्रअनुसार गोरखालीका पुराना शत्रु काठमाडौंका रियासतउपर आक्रमण गर्न सेनापति खटाए। नुवाकोट दखल गर्ने उमेद लिएर काजी बिराज थापा (मगर) खटिए; पछिबाट महेश्वर पन्थ पनि थपिए। तर जयन्त रानाको पूरा तैयारी देखेर सिमानाको त्रिशूली नदी तर्न नसकी केवल साँगु तोडेर फर्के।

त्रिशूलीका दायाँ किनाराका खिञ्चयात ब्याँसीमा मुकाम गरिरहेका समयमा काशीका गुलाबरामनामक एक वैरागी गोसाईंथानको तीर्थयात्रा गरेर फर्कंदा महेश्वर पन्थलाई भेटे। यस ढङ्गसँग नुवाकोट दखल हुन सक्दैन, तिम्रा राजालाई मसँग भेट गर्न पठाऊ; उपाय म दिउँला भनेर गए। यो कुरा पृथ्वीनारायण शाहले सुन्दा ती वैरागीसँग भेट गर्ने इच्छा पैदा भयो।

२। राजा हुँदा पृथ्वीनारायण शाह केवल २० वर्षका थिए। तर बडा समझदार हुनाले पुराना तरीकाबाट सेनापतिका भरमा सैनिक मात्र पठाएर अरू रियासतलाई जित्न सकिँदैन; यस कामका निमित्त ठूलो इन्तिजाम गर्नु-

---

१. वि. सं. १७९९–१८१४। २. वि. सं. १७९९ वैशाख ३ गतेका।

पर्छ भन्ने निश्चय गरे । यिन ताक मोगलसाम्राज्य टुटेर उत्तर भारतवर्षमा बङ्गाल र अवधका दुइ बडाबडा नवाबी राज्य बनिरहेका थिए । यिनका सिमानामा बनारसको सानो राज्य बलवन्तसिंहनामक एक भुइँहार ब्राह्मणले खडा गरिरहेका थिए [ई. सं. १७४०][३]। यी राज्यहरूको प्रभाव हिमालयका सबै रियासतहरूमा पर्दथ्यो । उसमाथि दक्षिण भारतवर्षका मरहट्टाराज्यसङ्घको दबदबा उत्तर भारतवर्षमा पनि बढ्दो थियो । काशीमा रहेका आफ्ना गुरु श्रीहर्ष मिश्रद्वारा र आरामा रहेका ससुरालीद्वारा भारतवर्षका राजनैतिक घटनाहरूको अधुरा खबर मात्र पृथ्वीनारायण शाह पाउँथे । यस कारणले आफैं काशीमा तीर्थयात्रा गरी पूरा खबर बुझ्ने, पाएसम्म युद्धको सामग्री खरीद गर्ने र गुलाबरामसँग भेट पनि गर्ने निश्चय गरे । यसै सालका दिसेम्बरमा[४] उपरदाङको बाटो गरी रमाना भइहाले ।

यिनका साथमा वीरबाहु शाह, शिवरामसिंह बस्न्यात, विराज बखेती आदि भारादार थिए । गुलाबरामले प्रसादस्वरूप एक तरबार दिएर बिदा गरे । काशीमा रहँदा भिन्न भिन्न स्थानबाट आएका जात्रुहरूसँग भेट गरी परिस्थिति बुझ्दै रहे । युद्धका निमित्त केही बन्दूक र पत्थर पनि किने । बाटामा परबतका सरदार बलिभञ्जन मल्ल पनि भेटिए र साथै आएका थिए । यिनका साथ गोरखपुरको बाटो गरी पाल्पा उत्रने अठोट गरेर काशीबाट फिरे । गोमतीका किनारामा बनारस र अवधको सिमाना जोरिएको हुनाले त्यहाँ रहेका मुसलमान चौकीदारहरूले तलाशी लिन खोज्दा गोरखालीहरूले तिनीहरूलाई मारी आफ्नो बाटो सोझ्याए । यस समयमा बनारस र बुटवलका बीचमा गडबडी फैलिएको हुनाले यो हत्याकाण्ड नमच्चाई फर्कन कठिन थियो । हिउँद हुनाले पाल्पाली राजा गन्धर्व सेन बुटवलमा रहेका थिए । त्यहाँ तिनसँग भेटघाट गरी रिडीको बाटो चौबीसी रियासतहरूको परिस्थिति जाँच्दै ई. सं. १७४३ का अप्रेलका आरम्भमा[५] पृथ्वीनारायण शाह गोरखा उत्रे ।

३। तिनले काशी जाँदा शासनको बागडोर जेठी मुमा चन्द्रप्रभाका हातमा छोडेका थिए । रियासतका रक्षाको ऐभारा ल्याइतापट्टिका दाज्यू रणरुद्र शाही र कालु पाँडेलाई सुम्पी युद्धका निमित्त हतियार र रसद जम्मा गर्ने आज्ञा पनि दिएका थिए । प्रचलित नियमअनुसार आफू राजसिंहासनमा रहनेबित्तिकै माहिला भाइ महोद्दामकीर्ति शाहलाई चौतारा पदवी दिएका थिए । आफ्ना मुख्य मन्त्री र सेनापतिमा भर्ना गर्नलाई अघिका काजी बिराज थापा आदि बूढा भइसकेका हुनाले एक योग्य नवयुवकको खोज गर्दै रहेका थिए । गोरखाका रैतीले भीमराज पाँडेका छोरा कालु पाँडेलाई रोजेका र यिनले लमजुङका राजासँग बडो चलाकीसँग सन्धि गरी राजनीतिमा योग्यता देखाएका हुनाले यिनैलाई कज्याइँ दिई मुख्य मन्त्री बनाए ।

काठमाडौंका राजासँग शत्रुभाव चलिरहेको हुनाले यस रियासतमा बाहेक अरू विजयपुरदेखि पाल्पासम्मका रियासतहरूमा आफ्ना राजदूतहरू राखे । काजीमा कालु पाँडे क्षत्री भर्ना भएका हुनाले सेनामा ज्यादा क्षत्री नै रहे । ब्राह्मण र मगरहरूलाई निजामती काम दिएका थिए । यस कारणले यी राजदूतहरूमा ब्राह्मण वा मगर नै ज्यादा थिए ।

---

३. वि. सं. १७९७ । ४. वि. सं. १७९९ पौष महीनामा । ५. वि. सं. १७९९ चैतको अन्त्यमा ।

४। पृथ्वीनारायण शाह काशीबाट फर्केपछि एक वर्षभित्रमा रसद, हतियार र सैनिकसमेत तयार गरे । कालु पाँडेलाई काजी गराएपछि गोरखाका रक्षाको भार रणरुद्र शाहीलाई सुम्पी ई. सं. १७४४ का अगस्तका मध्यमा[६] आफ्ना भाइ महोद्दामकीर्ति शाह र कालु पाँडे आदि भारादारसमेतलाई लिएर खिञ्च्यातमा आए । साथमा पुराना भारादार र १३०० जति सैनिक कृषकका भेषमा ल्याएका थिए । कुलो खन्ने बहाना थियो; तर भरसक लडाइँ नहोओस् भनेर तँ गोरखाली भारादार होस्, हामीसँग मिलेर नुवाकोट गढी छोडिदे भन्ने सूचना जयन्त रानालाई दिए । उनले यस प्रस्तावलाई नामञ्जूर गरी यो खबर जयप्रकाश मल्ललाई दिनाका निमित्त काठमाडौँ पुगे । उनी नभएका मौकामा १५ सितम्बरका[७] बिहान रातैमा पृथ्वीनारायण शाहले आफ्नो सैन्य डुङ्गाबाट त्रिशूली पार गराई तीनतिरबाट नुवाकोट गढीमा आक्रमण गर्न लागे । नदीका किनाराबाट ३ माइल जति[८] अग्लामा महामण्डल भन्ने टिप्पामा यो गढी थियो । जयन्त रानाका छोरा शङ्खमणि राना मुख्य भएर लडे । २–३ घण्टाका लडाइँमा १२ वर्षका कुमार दलमर्दन शाहका हातबाट शङ्खमणि राना मारिएपछि गोरखालीले यो गढी दखल गरे । यो खबर पाएपछि यस गढीदेखि ५ माइल[९] दक्षिणपट्टि बेलकोटमा आएर जयन्त रानाले लडाइँको तयारी गर्न लागे । तर पृथ्वीनारायण शाहले चाँडै नै आक्रमण गरी तिनलाई पक्री नुवाकोटमा ल्याएर शत्रुसँग मिलेका अपराधमा छाला काढेर प्राणदण्ड दिए । यहाँपछि गोरखाली सैनिकहरू पाटीभञ्ज्याङसम्म बढी ठाउँठाउँमा ठाना राखी नुवाकोट प्रदेशभरमा अधिकार जमाए । जयन्त रानाले गरेका अघिका सेवालाई भुलेर ज्यान लिँदा पनि छाला काढी कष्ट दिनु प्रशंसनीय काम थिएन ।

५। नुवाकोट गोर्खालीका अधिकारमा गएपछि केरुङपट्टिबाट हुने भोटको व्यापार पनि गोरखालीका हातमा पुग्यो । नुवाकोटप्रदेशको अनाज र कपास नल्याई काठमाडौँ राजधानीलाई पुग्दैनथ्यो । यस कारणले नुवाकोट उकास्नालाई जयप्रकाश मल्लले उपाय सोचिरहेका थिए । यसै समयमा ई. सं. १७४५[१०] मा ललितपुरका राजा विष्णु मल्ल परलोक भई राज्यप्रकाश मल्ल सिंहासनमा बसे । यिनका सल्लाहले पुरानो शत्रुभाव भुली जयप्रकाश मल्लले काशीराम थापालाई लगभग १००० सैनिकका साथ नुवाकोटमा पठाए [ई. सं. १७४६ अप्रिल] ।[११] धेरै साल नुवाकोटमा हाकिम भएर रहेका हुनाले त्यहाँका बाटाघाटा र जनतासँग समेत यी खूब परिचित थिए । यस कारणले गोरखाली सैनिकलाई छलेर घुमी नुवाकोटका उत्तर भागमा रहेको गेर्खु टारमा पुगे । नुवाकोटका ब्राह्मण, क्षत्री आफ्ना पक्षमा आउने आशा राखेका थिए । तर यो आशा व्यर्थ भयो । कालु पाँडे लमजुङलाई थाम्न गोरखामा गएका हुनाले पृथ्वीनारायण शाह आफैँ सेनापति भएका थिए । गेर्खु र चोकदेका दुइ लडाइँमा हार हुँदा काशीराम आधा भागी आफ्ना घर पाँगुमा पुगेर दम लिए ।

जयप्रकाश मल्ल साहसी र वीर थिए, तर शङ्काधारी र क्रोधी पनि थिए । काशीराम थापाले हारेको खबर सुन्दा उनीसँग साह्रै रिसाए । आफ्ना साथमा रहेका मन्त्री भीँख्वाल पनि गोरखालीसँग मिलेका छन् भन्ने शङ्का गरे । जयप्रकाश मल्ल यसरी रिसाएका छन् भन्ने थाहा नपाई यिनसँग हाजिर हुन यसै सालका जुलाईमा[१२] काठ-

---

६. वि. सं. १८०१ श्रावणका अन्त्यमा । ७. वि. सं. १८०१ आश्विन १५ गते । ८. १ कोस जति ।
९. २ कोस जति । १० वि. सं. १८०२ । ११. वि. सं. १८०३ वैशाख । १२. वि. सं. १८०३ श्रावणमा ।

माडौँमा आए । तर यस शहरबाहिर गई काशीराम थापा र उनका साथमा आएका सात जना अफिसरलाई मारिदिए । आफ्ना महलमा फर्केर भीँख्वाल र उनका पक्षका अफिसरहरूको ज्यान लिई दिलको आगो ठण्डा पारे । भीँख्वालका भाइ तौढिक भागेर ललितपुरमा राज्यप्रकाश मल्लका आश्रयमा पुगेर बचे ।

६ । काशीराम थापाका भाइ पर्शुराम थापा भक्तपुरका राजा रणजित् मल्लका सेनापति थिए । बाज्यूको हत्याको समाचार सुन्नेबित्तिकै जयप्रकाश मल्लसँग बदला लिन तत्पर भई गोरखामा पृथ्वीनारायण शाहसँग भेट गर्न पुगे । जयप्रकाश मल्ललाई निकालेर काठमाडौँका रिसायतको बाँकी भाग दखल गरी भक्तपुरे र गोरखालीले बाँडी लिने सल्लाह मिल्यो । पृथ्वीनारायण शाहले सैनिक लिई नुवाकोटका पूर्व भागबाट नेपालब्यांसीमा पसी पर्शु-राम थापासँग मिलेर काठमाडौँ रिसायतमा रहेका नालदुम गढीमा अधिकार जमाए । यताबाट साँखु र चाँगुनामक दुइ मौजामा दखल जमाए । मन्त्री र सेनापतिमा भर्ना हुने भारादार कोही नपाएका हुनाले जयप्रकाश मल्ल आफैँ सेनापति बनेर गोरखालीसँग लड्न जाँदा हार भई भाग्यको भरोसा लिएर राजभवनमा फर्के ।

पृथ्वीनारायण शाह र पर्शुराम थापा मिली काठमाडौँ शहरमा आक्रमण गर्न तयार भए । यस अवस्थामा तौढिक र ललितपुरका मन्त्री कालीदासले काठमाडौँलाई बचाउने र नेपालब्यांसीबाट गोरखालीलाई हटाउने सङ्कल्प गरे । राज्यप्रकाश मल्ललाई आफ्ना पक्षमा मिलाएर ललितपुरका सैनिक लगी काठमाडौँको राजभवन घेरेर जयप्रकाश मल्ललाई पक्री ललितपुरमा लगे । यिनका ५ वर्षका छोरा ज्योतिप्रकाश मल्ललाई काठमाडौँका राजसिंहासनमा राखे । जयप्रकाश मल्ल निकालिँदा पर्शुराम थापाको धोको पुगी तटस्थ भएका हुनाले तौढिकले आक्रमण गरी साँगाल (साँखुनेर)का लडाइँमा गोरखालीलाई हराई साँखु चाँगु फिर्ता लिए । यस लडाइँमा २ सय जति गोरखाली सैनिकका साथै सरदार शिवरामसिंह बस्न्यात खेत रहे [२४ सितम्बर][१३] । तौढिकले नालदुम फिर्ता लिन कोशिश गरे तापनि सफल हुन सकेनन् । यो नाकाको गढीमा गोरखाली र भक्तपुरेका सजियामा रह्यो ।

७। साँगालका हारपछि पृथ्वीनारायण शाह नुवाकोटमा गएर बसे । जयप्रकाश मल्ललाई राज्यप्रकाश मल्लले सत्कारपूर्वक राखेका थिए । तर पदच्युत भए पनि राज्यप्रकाश मल्लका अधीनमा नबसेर सिल्लीपना लिई पशुपति-नाथका मन्दिरनेर बसेका थिए । यसबीचमा काठमाडौँका शासनको बागडोर ज्योतिप्रकाश मल्लकी मुमा राज्य-वतीले लिएकी थिइन् । यिनले तौढिकलाई सामान्य भारादारमा राखी आफ्ना नाठा गरुडसिंहलाई हजुरिया मन्त्री गराइन् । यो अनाचार देखेर जोरावरसिंहनामक एक पुराना मन्त्रीले काठमाडौँका सैनिकलाई जयप्रकाश मल्लका पक्षमा ल्याएर उनलाई काठमाडौँमा डाके । राज्यवतीले उनलाई रोक्न पठाएका सैनिकले उनैको स्वागत गरेर राज-भवनमा प्रवेश गराइदिए । जयप्रकाश मल्लले राज्यवतीलाई कठोर कैद गरी भोकै मराए । राजभवनका नोकरहरूमा कोठामोचेतकलाई कटाए । तौढिकले आत्महत्या गरे । यिनका पक्षका भारादार भागी सर्वस्व गुमाए [ई. सं. १७४७ जून] ।[१४]

जयप्रकाश मल्ल पदच्युत हुँदा र यी फेरि राजा भई हत्याकाण्ड मचाउँदा काठमाडौँमा अशान्ति चलिरहेको

१३. वि. सं. १८०३ आश्विन २४ गते । १४. वि. सं. १८०४ आषाढ ।

अवसर मेट्टाई नालदुम र पाटीभञ्ज्याङदेखि पूर्वपट्टिका पहाडप्रदेशमा पर्शुराम थापाले अधिकार गरी भक्तपुर रियासतमा मिलाए । यस भागमा अचेलको सिन्धुपाल्चोकप्रदेश जम्मै थियो । दोलखाप्रदेशमा दोलखा शहर जति त्यहाँका पुराना राजवंशका अधिकारमा बचेको थियो । यसका बाँकी भाग र अचेलको ओखलढुङ्गाप्रदेश काठमाडौं र मकवानपुरका रियासतहरूमा बाँडिएको थियो । काठमाडौंका अधिकारमा रहेका पहाडप्रदेश जति पर्शुराम थापाले अधिकारमा ल्याउँदा भक्तपुरको रियासत ठूलो बन्यो । भोटव्यापार चल्ने कुतीको बाटो बन रियासतमा आउँदा काठमाडौंको रियासत एउटा सानो गरीब रियासत बन्यो ।

८। यसरी काठमाडौं रियासतबाट नुवाकोट र सिन्धुपाल्चोकप्रदेशहरू छुट्टिँदा त्यताबाट काठमाडौं शहरमा आउने काठ र कपास रोकियो । योभन्दा पनि जरूरी केरुङ र कुतीको बाटो आउने नून रोकिँदा र जनताक मधेसतिरबाट नून नआउने हुँदा काठमाडौं शहरमा खलबली मच्चियो । यस अवस्थामा पृथ्वीनारायण शाह जलाक भई जयप्रकाश मल्लसँग आफ्ना दूतद्वारा मित्यारी लगाई मित्रसम्बन्ध कायम गरे । नून मात्र होइन, भोटसँग हुने अरू मालको व्यापार पनि काठमाडौंका व्यापारीलाई छोडिदिए ।

ई. सं. १७३०[१५] तिर तनहुँका राजाले ललितपुर रियासतबाट लामिडाँडा लिएका थिए । पृथ्वीनारायण शाहले त्यस प्रदेशमा र रणजित् मल्लले पछि लिएका सिन्धुपाल्चोक आदि प्रदेशमा अधिकार जमाउने इरादा गरी जयप्रकाश मल्लसँग मित्रता गरेका थिए । यो काम सफल गराउनाका निमित्त पहिले ३।४ वर्ष नुवाकोटप्रदेशको अधिकार बलियो गराउनाका लागि त्यहाँका प्रजामा सुखशान्ति फैलाए । यो देखेर लामिडाँडा र सिन्धुपाल्चोक आदि प्रदेशका प्रजाहरू पनि गोरखाली राजातिर लहसिए । प्रजाको मन जितेपछि लामिडाँडाको माग गर्नालाई तनहुँका राजा त्रिविक्रम सेनलाई सीमानाका नदीका किनारामा डाके । सिन्धुपाल्चोक आदि प्रदेशका निमित्त रणजित् मल्ल-लाई पलाञ्चोकमा डाकेर भेट गर्न कालु पाँडेलाई पठाए । त्रिविक्रम सेनसँग लामिडाँडाको कुरा चल्दा झगडा भयो र पृथ्वीनारायण शाहले तिनलाई पक्री गोरखामा ल्याएर नेल गलफन्दी ठोके । रणजित् मल्ल भेट गर्न नआउँदा कालु पाँडे फर्केर नुवाकोटमा आए । यहीं पृथ्वीनारायण शाह र त्रिविक्रम सेनसमेत आई मित्रसम्बन्ध जोरेर लामि-डाँडा गोरखालीलाई छोडिदिँदा कालु पाँडे गई विनालडाइँले त्यस प्रदेशमा अधिकार जमाए [ई. सं. १७५२ ग्रं.][१६]। तनहुँको परिस्थिति बिग्रेको हुनाले त्रिविक्रम सेनले यो अपमान सही आफ्नो जीवनमा पृथ्वीनारायण शाहसँग मेल-मिलाप राखे ।

९। दुइ वर्ष जति लगाएर लामिडाँडामा अमन चैन फैलाएपछि पृथ्वीनारायण शाहले सिन्धुपाल्चोक आदि प्रदेशपट्टि नजर फिँजाए । ई. सं. १७५४ का अगस्तमा[१७] नजीकी वीरभद्र थापाका साथमा गोरखाली सैनिक पठाई नालदुमगढीबाट भक्तपुरका सैनिक हटाई एकलौटी अधिकार गरे । चौतारा जहाँगीर शाह सिन्धुबाट पूर्वतर्फ बढी दूध-कोसीसम्मका अघि काठमाडौं रियासतमा रहेका प्रदेशहरूमा विनालडाइँले अधिकार गरे । यस समयमा पर्शुराम थापा मरिसकेका र त्यस प्रदेशका बासिन्दा आफ्ना पक्षमा नरहेका हुनाले रणजित् मल्लले त्यसै छोडिदिए । शहरका

१५. वि. सं. १७८७ । १६. अन्दाजि वि. सं. १८०९ । १७. वि. सं. १८११ श्रावणमा ।

पर्खालभित्र बचेका दोलखा रियासतका निमित्त यस समयमा राजा बन्नाका निमित्त दुइ जना हकदारमा तकरार चलेको थियो । पृथ्वीनारायण शाहले दुवैलाई भत्ता ठेकिदिएर त्यस रियासतको नामेट गरिदिए ।

गोरखालीको यो सफलता देखेर मित्र बनिरहेका जयप्रकाश मल्ललाई डाहा भयो । आफ्नो झडङ्गे स्वभावअनुसार अन्ताराष्ट्रिय नियमको परवाह् नराखी काठमाडौँमा राजदूत भएर रहेका तुलाराम पाँडेलाई षड्यन्त्र गरेको अभियोग लगाई यिनका साथमा रहेका चार पाँच जना गोरखालीलाई मारिदिए । यिनलाई पहिले कैदमा राखी एक महीनापछि आफूसँग मिल्ने करार गराई कैदबाट मुक्त गर्दा ललितपुरका प्रधान कालीदासको सहायताले उनी नालदुममा पुगे । यस घटनादेखि जीवनभर जयप्रकाश मल्ल गोरखालीका शत्रु बनिरहे ।

१०। सिन्धुबाट पूर्वपट्टि गोरखाली नबढ्ने प्रतिज्ञा लमजुङका राजा रिपुमर्दन शाहसँग भएको थियो । गोरखालीहरूले सिन्धुदेखि पूर्वपट्टि अधिकार जमाएपछि रिपुमर्दन शाह पनि डाहले चूर भई गोरखामा आक्रमण गर्नाका निमित्त परबतका राजा मलेबम मल्लसँग सहायता मागे । यी राजाहरू मिली भीर्कोट, गरहुँ आदि बीचका रियासतका सैनिकसमेत बटुली ई. सं. १७५५ का जुलाईमा[१८] गोरखामा आक्रमण गर्न पठाए । गोरखाका रक्षाका निमित्त काजी रणरुद्र शाही रहेका थिए । राजधानीबाट केवल ११ माइल[१९] फरक रहेका सिरानचोक मौजामा लमजुङका चौताराले अधिकार जमाए । गोरखाली सैन्य पूर्वतिर रहेको हुनाले रणरुद्र शाहीले नयाँ सैनिक भर्ना गर्ने काम र यिनकी दुलहीले रसद जम्मा गर्ने काम बडो चतुर्याइँसँग गरे । नुवाकोट र लामिडाँडामा रहेका सैनिक आइपुग्नेबित्तिकै रणरुद्र शाहीले अगस्तका मध्यमा[२०] सिरानचोकमा आक्रमण गरी शत्रुलाई भगाए । गोरखाली आइपुग्नेबित्तिकै लमजुङेहरू हटेका हुनाले हताहतको सङ्ख्या ज्यादा भएन । यस लडाईंमा रणजित् मल्ल र जयप्रकाश मल्ल पनि उठ्ने सल्लाह थियो । यिनीहरू चूपचाप रहँदा रिपुमर्दन शाह दिक्क भई पृथ्वीनारायण शाहसँग सुलह गरे ।

११। ई. सं. १७५५ का अक्तूबरमा[२१] जयप्रकाश मल्लले पठाएका घातकद्वारा ललितपुरका मुख्य प्रधान कालीदास मारिए । केही महीनापछि त्यहाँका राजा राज्यप्रकाश मल्ल परलोक भए । तिनका सन्तान नहुँदा जयप्रकाश मल्लले समेत त्यहाँको राजसिंहासनका दावा गरे; परन्तु कालीदासका छोरा देवीदास प्रधानका जोरले विष्णु मल्लका दौहित्र विश्वजित् मल्ल राजा बने । यस घटनाबाट अघिल्ला दुवै मल्ल राजाहरू ललितपुरका विरोधी बने । यस कारणले पृथ्वीनारायण शाहले सरदार तुलाराम पाँडेका साथ गोरखाली सैनिक पठाई लामिडाँडाका पूर्व सीमानामा ललितपुरका अधिकारमा रहेका दहचोकगढीमा दखल जमाए । त्यहाँबाट ललितपुर शहर ५ माइल[२२] मात्र हुनाले गोरखाली सैनिक बढेर अनेक मौजामा अधिकार गरे । ललितपुरका प्रधानहरूले धन दिई पूर्व भागका मौजाहरू फिर्ता लिए । पश्चिम भागका मौजामा कीर्तिपुर मुख्य थियो । तर यस मौजामा रहेका ललितपुरका प्रधानले मौजा नछोडी गोपुर*हरू बन्द गरिदिँदा पृथ्वीनारायण शाहले आक्रमण गरेर दखल जमाउने अठोट गरे ।

*यस समयसम्म नेपालव्याँसीका शहर र मौजाहरूमा वरिपरि बलियो पर्खाल र बीचबीचमा ठूला ढोका रहन्थे, यी ढोका गोपुर कहिन्थे ।

---

१८. वि. सं. १८१२ आषाढमा । १९. पौने ५ कोस जति । २०. वि. सं. १८१२ को भाद्रको आरम्भमा ।
२१. वि. सं. १८१२ आश्विनमा । २२. २ कोस जति ।

१२। यस समयमा काठमाडौं र भक्तपुरका राजाहरू परस्परमा बाझिएका र ललितपुरका प्रधानहरूसँग ती दुवै राजा चिढिएका हुनाले कीर्तिपुरमा सजिलैसँग दखल होला भन्ने पृथ्वीनारायण शाहको विचार थियो। परन्तु कालु पाँडे र दहचोकका रक्षक हरिवंश उपाध्याय यस विचारका थिएनन्, तर पृथ्वीनारायण शाहले यिनीहरूको राय नमानी आक्रमण गर्ने निश्चय गरे। ई. सं. १७५७ का मईका अन्त्यमा[२३] कालु पाँडे सेनापति भई १५०० जति गोरखाली सैनिक लिएर दहचोकबाट झरी कीर्तिपुरका एक बगलमा अडिए र अर्का बगलमा एक ठाना राखे। जयप्रकाश मल्लले गोरखालीको भय देखाई रणजित् मल्ल र देवीदास प्रधानलाई गुप्तचरसँग मिलाई गोरखालीका विरुद्ध तयार गरी राखेका थिए। भोलिपल्ट बिहान सैन्य लिएर आफैं आइपुगे। मध्याह्नमा विश्वजित् मल्ल र देवीदास आदि प्रधानहरू पनि ललितपुरको सैन्य लिएर आए। बेलुकापख भक्तपुरका सैनिक पनि उत्रे। दिनभरका लडाइँमा ४०० जति गोरखाली सैनिकका साथ कालु पाँडे खेत रहे [२८ मई][२४]। पृथ्वीनारायण शाह मैदानका नजीकै थिए। कालु पाँडे मरेपछि हताश भएर आफ्नो सैन्य हटाई नुवाकोटमा लगी दम लिए। लगत्तै काठमाडौंका चिगढी प्रधानले नालदुममा आक्रमण गरी त्यहाँका रक्षक देवर्षि उपाध्यायलाई मारे र गढीबाट गोरखाली सैन्यलाई भगाइ दिए।

यसरी कीर्तिपुरमा गोरखालीको पहिला हार भएका २७ दिनपछि पलासीको प्रसिद्ध लडाइँ भएको थियो, जुन जित्नाले भारतवर्षमा अङ्ग्रेजी राज्यको जग बस्यो।

★

## उन्नाइसौं परिच्छेद

# नाकाबन्दी र परचक्रीहरूको आक्रमण

[ई. सं. १७५७–६७][१]

१। कीर्तिपुरको पहिला हारको खति पूरा गर्नलाई पृथ्वीनारायण शाहले २ वर्ष लगाए [ई. सं. १७५७–५९][२]। यस बीचमा नुवाकोटमा महल बनाई आफ्नो स्थायी मुकाम गराए। यस लडाइँमा मल्ल राजाहरूको जित भए पनि ठूलो हानि भई मस्ती गलिसकेको थियो। आपसको मेलमिलाप टुटेर हानथाप पनि आरम्भ भयो। यस अवस्थामा जयप्रकाश मल्लले आत्मरक्षाका निमित्त एक सानो बलियो सैन्य तयार गर्ने अठोट गरे। काशीराम थापाका हत्यापछि चौबीसी रियासतमा रहेका क्षत्री र मगरहरू पनि यिनीदेखि दचकेका हुनाले काँगडाका ५०० जति नगरकोटी क्षत्रीहरू झिकाई नयाँ सैन्य तयार गरे। यी नगरकोटीहरू डोटी–कुमाउँका रियासतहरूमा पनि आएर

---

२३. वि. सं. १८१४ ज्येष्ठमा। २४. वि. सं. १८१४ ज्येष्ठ १६ गते।

१. वि. सं. १८१४–१८२४। २. वि. सं. १८१४–१८१६।

सैनिकमा भर्ना हुन्थे । काठमाडौंसम्म टाढा आउनालाई दोबर तेबर तलब माग्दा पनि लाचार भएर जयप्रकाश मल्लले कबोल गरे । लडाइँमा पाइने लूटका लालचाले नै यिनीहरू परचक्री राजाका सैन्यमा भर्ना हुन्थे । यिनीहरूलाई तलब दिनाका निमित्त धन नहुँदा जयप्रकाश मल्लले पशुपतिनाथ आदि देवताका ढुकुटीमा रहेका नगद, गहना र गजूर आदिका सुनसमेत् झिकेर लिने सिलसिला चलाए। यस कामदेखि यिनका धर्मभीरु प्रजाहरू असन्तुष्ट भए ।

२। कीर्तिपुरका पहिला लडाइँपछि काठमाडौं आदि तीनै रियासतका राजाहरूले आफ्ना रियासतमा गोरखालीलाई आउन बन्द गरिदिए । त्यस कारणले यी तीनै रियासतलाई वरिपरिबाट घेरा दिई नाकाबन्दी गर्ने अठोट पृथ्वीनारायण शाहले गरे । काठमाडौंको रियासत उत्तर-पश्चिमपट्टिबाट र ललितपुरको रियासत पश्चिमपट्टिबाट घेरिइसकेको थियो । मकवानपुरका राजा हेमकर्ण सेन पृथ्वीनारायण शाहका मित्र र ससुरा हुनाले दक्षिणतिरबाट ललितपुरका रियासतलाई घेरा दिनामा सहायक भए । भक्तपुरका पूर्वपट्टि यिनैको रियासत पर्दथ्यो । तर यसपट्टि सहायता गर्नामा आफूले नसक्ने कारण देखाएका हुनाले यसपट्टिका भक्तपुरका रियासत बाहिरी भागमा सैन्यबलले अधिकार गर्ने अठोट पृथ्वीनारायण शाहले गरे । यसै अवस्थामा ई. सं. १७६० का अगस्तका आखिरमा[३] एक मन्त्रिपुत्रका हातबाट ललितपुरका राजा विश्वजित् मल्ल मारिँदा त्यहाँका राजसिंहासनका निमित्त जयप्रकाश मल्ल र रणजित् मल्लका बीचमा हानथाप भयो । चौतारा धनवन्तका सहायताले जयप्रकाश मल्ल ललितपुरका पनि नामका राजा भए । यस घटनापछि जयप्रकाश मल्ल र रणजित् मल्लका बीचमा वैरभाव चलेको हुनाले यसै मौकामा भक्तपुरका बाहिरी भागमा आक्रमण गर्न पृथ्वीनारायण शाहले सैन्य खटाए ।

कीर्तिपुरका पहिला लडाइँपछि नालदुमको गढीमा भक्तपुरेको एकलौटी अधिकार भएको थियो । पृथ्वीनारायण शाहले ई. सं. १७५९ का अगस्तमा[४] सर्दार चन्द्रप्रकाश शाहका साथ सैनिकको सानो टोली पठाएर रातमा छापा मारी त्यो गढी दखल गरे । ई. सं. १७६० का जनवरीमा सिरानचोक (गोरखा)का जेठा बूढा भीमसेन थापालाई पलाञ्चोकमा आक्रमण गर्न खटाए । कीर्तिपुरका लडाइँमा बहादुरी देखाएका हुनाले पृथ्वीनारायण शाहले यिनलाई बाघ भन्ने पदवी दिएका थिए । लडाइँमा घेरिँदा १०।१२ जना शत्रु सैनिकलाई काटी यिनले पनि वीरगति पाए । यिनको कमान रामकृष्ण राणाले❀ लिई गढीमा अधिकार जमाए । थोरै दिनपछि नजीकैमा रहेको काभ्रेको गढी पनि उनैले दखल गरे । यस समयदेखि १५ वर्षसम्म यस प्रदेशका हाकिम भएर यिनै रहे।

३। नुवाकोट लामिडाँडा आदि प्रदेश जितिएपछि गोरखा रियासतको विस्तार दोबर भएको हुनाले पृथ्वीनारायण शाहले भारदार र सैनिकको सङ्ख्या दोबरभन्दा ज्यादा बढाए । आफ्ना साहिँला भाइ दलमर्दन शाहलाई पनि चौतारा पदवी दिएर निजामती काममा लगाएका थिए । कालु पाँडे मारिएपछि अरू दुइ भाइ दलजित् शाह र शूरप्रताप शाहलाई काजी गराई जङ्गी कामको शिक्षा दिएका थिए । काभ्रेपलाञ्चोकमा अधिकार भएपछि

❀ यिनको वंश पछि राणा कहिएको हुनाले सुबिस्ताका निमित्त यहाँ यिनैदेखि राणा पदवीको व्यवहार गरिएको छ ।

३. वि. सं. १८१७ भाद्रमा । ४. वि. सं. १८१६ श्रावणमा । ५. वि. सं. १८१६ पौषमा ।

भक्तपुरको रियासत पनि पूर्वपट्टिबाट घेरिई नाकाबन्दी पूरा भइसकेको हुनाले पृथ्वीनारायण शाहले कीर्तिपुरमा दोस्रा पटक आक्रमण गर्ने अठोट गरे । यस पटक पनि अनेक भारादारले यस कामका विरुद्ध मत दिए । तर शूरप्रताप शाह आदि नवयुवकहरूले आक्रमण गर्ने राय दिँदा ई. सं. १७६१ का आखिरमा[६] पृथ्वीनारायण शाहले सैन्य खटाए । यस पटकदेखि एउटै मात्र सेनापतिलाई नखटाई दुइ तीन सेनापतिका साथ सैनिकका अलग अलग टोली पठाई यिनीहरूले आपसमा सहयोग गरी भिन्न भिन्न ठाउँबाट आक्रमण गर्ने नियम चलाए । आफू नुवाकोटमा बसेर सैन्यको सञ्चालन गर्ने गरे ।

यस तरीकासँग दलजित् शाह, शूरप्रताप शाह र श्रीहर्ष पन्थ (क्षत्री)का साथ २ हजार जति गोरखाली सैनिक कीर्तिपुरतिर लाग्दा त्यहाँका द्वारेले शहरका गोपुरहरू बन्द गरी मुकाबिला गर्न तयार भए । यो शहर ललितपुरका रियासतभित्र थियो तापनि त्यहाँका प्रधानहरूले र नामका राजा जयप्रकाश मल्लले समेत सहायता नगरी कीर्तिपुरेलाई भाग्यका भरोसामा छोडिदिए । गोरखाली सेनापतिहरूले चपरीका सिँढी बनाएर गिर्दा पर्खाल नाघ्ने तजबीज गरे । तर पर्खाल होचामा र बस्ती अग्ला थुम्कामा रहेको हुनाले बस्तीबाट छोडेका वाण र ढुङ्गाहरूले गोरखाली सैन्य नोक्सान हुँदै रह्यो । शूरप्रताप शाह र श्रीहर्ष पन्थका बीचमा झगडा पनि चल्यो । यसै अवस्थामा शत्रुको वाण लागेर शूरप्रताप शाहको आँखो फुट्दा र दलजित् शाह घायल हुँदा ३ सय जति सैनिक नोक्सान गराई घायलहरूलाई लिएर एक सातापछि गोरखाली सैनिक फिरे ।

४। मकवानपुरका वृद्ध राजा हेमकर्ण सेनका ई. सं. १७६१ तिर[७] देहान्त हुँदा यिनका छोरा दिग्बन्धन सेन त्यहाँका राजा भए । यी र यिनका दीवान कनकसिंह बानियाँ पृथ्वीनारायण शाहको डाह गर्दथे । कीर्तिपुरबाट दोस्रा पटक पनि हार भएर गोरखाली भारादार फर्केका हुनाले ललितपुरका प्रधानहरूसँग मिली त्यसपट्टिको नाकाबन्दी खोलिदिए । यस कारणले पृथ्वीनारायण शाहले ई. सं. १७६२ का अगस्तका मध्यमा[८] नुवाकोटबाट १५०० जति गोरखाली सैनिक पठाए । यसका एक सेनापति महोद्दामकीर्ति शाह थिए । पृथ्वीनारायण शाहको आज्ञा आउँदा रामकृष्ण राणा पनि पलाञ्चोकबाट ५०० जति सैनिक लिएर मकवानपुर रियासतका पूर्व भागमा घुसे ।

साँगाल र कीर्तिपुरका लडाइँमा परेका दुइ जना वीरका छोरा केहरसिंह बस्न्यात र वंशराज पाँडे जवान भइसकेका हुनाले यिनलाई पिताका खानगी र बानगी दिई पृथ्वीनारायण शाहले तालीम गरिसकेका थिए । महोद्दामकीर्ति शाहका साथ मकवानपुरका लडाइँमा यिनीहरूलाई समेत पठाएका यस दलले राजधानीमा आक्रमण गरी एकै दिनमा गढी दखल गरे [२१ अगस्त][९]। यस लडाइँमा रणकुशल गोरखालीहरू केवल ५० जना सैनिक परे । मकवानी बानियाँ सैनिकमा ३ सयभन्दा बढी खेत रहे । दिग्बन्धन सेन र कनकसिंह बानियाँ हरिहरपुरगढीमा झरेर अडिए । रामकृष्ण राणालाई तिमालकोटमा मकवानी सैनिकले एक महीनासम्म रोक्दा भयङ्कर लडाइँ भयो। तिनका एक भाइका साथ ३ सय जति सैनिक परे । मकवानी सैनिक योभन्दा ज्यादा परेका थिए । आखिरमा त्यो कोट दखल गरी

---

६. बि. सं. १८१८ पौषमा । ७. वि. सं. १८१८ तिर । ८. वि. सं. १८१९ श्रावणको अन्त्यमा ।

९. बि. सं. १८१९ भाद्र ८ गते ।

लिएपछि सानै लडाइँले सिंधुलीगढीमा अधिकार जमाए । यो खबर सुन्नेबित्तिकै महोद्दामकीर्ति शाहले हरिहरपुरगढीमा घेरा दिंदा रातमा दिग्बन्धन सेन र कनकसिंह बानियाँ भागे । तर रानी छोराहरू पक्रिँदा सात दिनपछि दिग्बन्धन सेन हाजिर भएर आत्मसमर्पण गरे । पृथ्वीनारायण शाहले यस रियासतमा पूरा अधिकार गरी दिग्बन्धन सेनलाई जन्मभर गोरखाका राजभवनमा नजरबन्द गरी राखे । यो रियासत जितिएपछि ललितपुरपट्टिको नाकाबन्दी झन् बलियो भयो ।

५। पलासीका लडाइँपछि बङ्गाल–बिहारको नवाबी राज्य अङ्ग्रेजी इष्ट इण्डिया कम्पनीका अधीनमा परिसकेको हुनाले यस समयका नवाब कासिमअली खान स्वतन्त्र हुनाका निमित्त छटपटाइरहेका थिए । ई. सं. १७६२ का आखिरमा[१०] दौडाहा गर्दै ती बेतियामा आइरहेका समयमा कनकसिंह बानियाँ गुहार माग्दै पुगे । मकवानपुरका साथ काठमाडौं आदि मल्ल रियासतहरूमा पनि आफ्नो अधिकार हुने आशा देखेर कनकसिंह बानियाँलाई अगुवा गराई बन्दूकका लडाइँमा तालीम भएका २ हजार सैनिक र एक हजार जति साधारण सैनिकका साथ जमरल गुरगीन खानलाई मकवानपुरमा पठाए । कनकसिंह बानियाँले यो सैन्य मकवानपुरगढीका फेदीमा ल्याए ।

यस गढीका वरिपरि तीन ठाना थिए । फेदीमा उत्रेका पाँच दिनपछि एक ठानामा शत्रुले घेरा दिए । यो खबर पृथ्वीनारायण शाहछेउ पुग्दा नुवाकोटमा वंशराज पाँडे, गोरखामा केहरसिंह बस्न्यात र पलाञ्चोकमा रामकृष्ण राणा रहेका थिए । पृथ्वीनारायण शाहले यी तीनै सेनापतिहरूलाई शत्रुका उपर आक्रमण गर्ने आज्ञा दिए । एकै दिन गोरखाली १५०० जति सैनिकले साँझको बेला पारी भात पकाइरहेका समयमा जङ्गलबाट निस्केर तीनतिरबाट आक्रमण गर्दा शत्रुपक्षका १७०० सैनिक खतम भए । गोरखाली केवल ५० जना परे [ई. सं. १७६३, २० जनवरी][११]। गुरगीन खानका सैनिक लूटका लालचामा आएका थिए । लूट ता परै रहोस्, रसदको बाटो पनि गोरखालीले रोकिदिँदा अड्न नसकी भागे । यिनीहरूका दुइ तोप र ६ सय जति बन्दूक गोरखालीले खोसी लिए । यी बन्दूक पाएपछि पृथ्वीनारायण शाहले बन्दूक हतियार गराएर नयाँ नयाँ कम्पनीहरू खडा गर्दै गए । पहिले खडा भएका श्रीनाथ र कालीबक्स थिए ।

६। कीर्तिपुरको दोस्रो लडाइँ सकिएपछि ई. सं. १७६२ का मईमा[१२] भीँख्वाल प्रधानले जयप्रकाश मल्ललाई हटाएर रणजित् मल्ललाई राजमुकुट पहिराएका थिए । मकवानपुरमा गोरखालीहरू लडिरहेका समयमा यी बूढा राजा ललितपुरमा आनन्द मनाइरहेका थिए । ई. सं. १७६३ का जूनमा[१३] धनवन्त प्रधानका जोरले जयप्रकाश मल्ल दोस्रो पटक आई ललितपुरको राजमुकुट पहिरेका हुनाले रणजित् मल्ल भक्तपुरमा गए । यसै अवस्थामा पृथ्वीनारायण शाहले रामकृष्ण राणालाई भक्तपुर रियासतका पूर्व भागका धुलिखेल आदि सात मौजामा सैन्यबलले अधिकार गर्ने आज्ञा पठाए । पलाञ्चोक र काभ्रेमा रहेका सैनिक लिएर अक्तूबरका आरम्भमा[१४] यिनले धुलिखेलमा घेरा दिए । यस मौजानिर दुइ माइल जति[१५] फरकमा रहेका चौकोट मौजाका द्वारे महीन्द्र रायले मौजाहरू बचाउने संकल्प गरी गोरखालीका घेरालाई तोडेर त्यसभित्र पसे । गोरखाली सैनिकले गोपुर तोडी भित्र पसे पनि शत्रुका मार-

१०. वि. सं. १८१९ पौषमा ।
११. वि. सं. १८१९ माघ १० गते ।
१२. वि. सं. १८१९ वैशाखमा ।
१३. वि. सं. १८२० ज्येष्ठमा ।
१४. वि. सं. १८२० आश्विनमा ।
१५. १ कोस जति ।

बाट अड्न नसकी हट्न पर्‍यो । तैपनि घेरा नछोडी रामकृष्ण राणाले तीन सातासम्म लडाइँ गरीरहे ।

पृथ्वीनारायण शाहले सहायताका निमित्त दलजित् शाहका साथ अर्को सैन्य नुवाकोटबाट पठाए । यिनले चौकोटमा घेरा दिंदा महीन्द्रका भाइ नरसिंह रायले चार दिनसम्म रोकिराखे । यसै बीचमा धुलिखेलपट्टि महीन्द्र राय खेत रहँदा त्यस मौजामा रामकृष्ण राणाले अधिकार गरे । चौकोटका लडाइँमा नरसिंह राय पनि घायल भएका थिए । दाज्यू परलोक भएको खबर सुनेपछि भोलिपल्ट मौजामा आगो लगाई आफू भागे । रित्ता मौजामा दलजित् शाहको अधिकार भयो । यहाँपछि चार दिनभित्रैमा अरू पाँच मौजामा गोरखाली अफीसरले विनारक्तपातले अधिकार जमाए । गोरखालीका विरुद्ध लड्ने योद्धाहरूमा महीन्द्र राय बडा वीर देखिएका हुनाले यिनका परिवारका रक्षाका निमित्त पृथ्वीनारायण शाहले घर र जग्गाजमीनको बन्दोवस्त गरिदिए ।

७। काशीका गुलाबराम वैरागीका पृथ्वीनारायण शाह भक्त थिए । मकवानपुरमा पृथ्वीनारायण शाहको अधिकार भएपछि यिनीसँग भेट गर्न गुलाबराम नुवाकोटमा आए । यिनले पृथ्वीनारायण शाहसँग ठूलो मान दान पाउने उमेद राखेका थिए । तर एक सिद्ध पुरुषका निमित्त जत्तिको सत्कार आवश्यक थियो, उति मात्र गरेर बिदा दिए । यिनताकका वैरागी संन्यासीहरूका बडा बडा मठ र जमीनदारी हुन्थे । व्यापार र डाँकाको पेशा पनि गर्दथे । डकैतीबाटै सैनिक बनेर लडाइँमा पनि तत्पर रहन्थे । यस कारणले पृथ्वीनारायण शाहसँग गुलाबराम झोकिएर बदला लिनाका निमित्त जयप्रकाश मल्ल र रणजित् मल्लसँग भेटघाट गरी फर्के । काशीमा पुगेर ५ सय जति नागा वैरागीहरूको जमात तयार गरी नेपालतिर ल्याए ।

यिनीहरू हतियार लुकाएर तीर्थयात्रीका भेषमा चार पाँच टोलीमा बाँडिएर सिँधुलीतिरबाट पसे । त्यहाँका गढीमा रहेका सैनिक लिएर हरिवंश उपाध्याय धुलिखेलका लडाइँमा आएका थिए । गढी कुल्हे र बसेका थोरै सैनिकले यी वैरागीहरूलाई रोक्न नसकी छोडिदिए । धुलिखेल दखल भएका पाँचौँ दिन साँगा मौजामा चौतारा जहाँगीर शाहले अधिकार गरेका थिए । यसै दिन साँझमा यी वैरागीहरू आइपुग्दा जहाँगीर शाहले रोके । वैरागीहरूले हतियार चलाई ८० वर्षका ती बूढा चौताराका साथ केही सैनिकलाई मारिदिए । १०० जना जति नागा वैरागी भक्तपुरतिर बढे । तर पछि रहेका अरू वैरागी साँगा र धुलिखेलका बीचमा एक एक गरी काटिए । गुलाबराम कुनै तरहसँग उम्के । भक्तपुरमा पसेका जति पनि पछिपछि गोरखाली सैनिकद्वारा मारिए ।

८। पृथ्वीनारायण शाहले ई. सं. १७५९ देखि[१६] नै काठमाडौँ आदि तीन रियासतमा नाकाबन्दी शुरू गरेका थिए । तर घेरा फराक रहेको हुनाले सफल हुन सकेका थिएनन् । धुलिखेल दखल भएका १५ दिनभित्रैमा नेपालभ्याँसीदेखि बाहिरपट्टि रहेका ललितपुरका मौजाहरूमा विनालडाइँले सजिलैसँग अधिकार जमाए । यहाँपछि पृथ्वीनारायण शाहले काठमाडौँ आदि तीनै रियासतका बचेका भागलाई वरिपरि घेरेर रहेका डाँडाका बाटाघाटामा सैनिक राखी बडो कडाइसँग नाकाबन्दी गरी बाहिरबाट आउने सारा मालताल रोकिदिए, लुकी चोरी ल्याउने मानिसलाई प्राणदण्डतक दिने आज्ञा दिए । काठमाडौँ आदि तीन शहरमा नून, कपास, मास र घिउ बाहिरबाट

१६. वि. सं. १८१६ देखि ।

आउँथ्यो । यी वस्तु रोकिँदा विशेष गरेर नून बन्द हुँदा तीनै रियासतका बासिन्दालाई कष्टको अनुभव बढ्दै गयो । यस कारणले ललितपुरका प्रधान धनवन्त आदिले पृथ्वीनारायण शाहलाई राजा थापी नून, कपास फुकुवा गराउने अठोट गरे । परन्तु पृथ्वीनारायण शाहलाई सलाम गर्नेछैन भन्ने भौँख्वाल प्रधानको एक प्रतिज्ञा थियो । यस कारणले यी अकडिए ।

यो सल्लाह गुप्त चालले गरेका थिए तापनि जयप्रकाश मल्लले गन्ध पाई यसै साल दिसंबरका मध्यमा[१७] सल्लाह गर्ने बहाना गरी धनवन्त आदिलाई काठमाडौँमा बोलाएर कैद गरे । जयप्रकाश मल्लका कैदमा रहनेछैन भन्ने भौँख्वालको अर्को प्रतिज्ञा थियो । यस कारणले यिनले आत्महत्या गर्दा धनवन्त आदि पाँच प्रधानलाई चोलो फरिया भिराएर पैदल लखेटिदिए ।

९। धनवन्त आदिले पृथ्वीनारायण शाहलाई ललितपुरमा बोलाउँदा ई. सं. १७६४ का जनवरीमा[१८] आफ्ना प्रतिनिधि गराई भाइ दलमर्दन शाहलाई पठाए । तर ती प्रधानहरूले दलमर्दन शाह र यिनका २ जना आठपहरिया-लाई नाम मात्रका राजा बनाई नाकाबन्दी छुटाउँला भन्ने प्रधानहरूको विचार थियो । तर सबै गोरखालीलाई ललितपुर शहरभित्र आवतजावत खुलाए मात्र नून, कपास आदि छोडिदिने वचन पृथ्वीनारायण शाहले दिए । तर देवीदास प्रधान राजी नभई जुलाईका आखिरमा[१९] दलमर्दन शाहलाई राजभवनबाट निकाल्दा धनवन्तले आफ्ना घरमा लगेर राखे । यी प्रधानहरूसँग जयप्रकाश मल्लले दलमर्दन शाहलाई मागेका थिए । तर धनवन्तका जोरले सबै प्रधान मिली दलमर्दन शाहलाई नै राजा थापी यिनका नामका टक चलाए । राजा भए तापनि यी एक तरहका थुनुवा थिए । यस कारणले ई. सं. १७६५ का अप्रिलमा[२०] यी उम्केर पलाञ्चोक रामकृष्ण राणासँग मिल्न पुगे । ललित-पुरका प्रधानहरूले राजा थाप्न योग्य मानिस नपाउँदा तेजनरसिंहनामक एक ठकुललाई राजमुकुट पहिराए ।

१०। पृथ्वीनारायण शाहले गरिराखेका नाकाबन्दीले काठमाडौँ आदि तीन रियासतमा हाहा मच्चिएको थियो। रणजित् मल्ल र ललितपुरका प्रधानहरूले कर्तव्यको ठेगान गर्न सकेका थिएनन् । जयप्रकाश मल्ल भने यो नाकाबन्दी तोड्नाका निमित्त भरसक उद्योग गर्दै रहे । आफ्ना सैन्यबलले तोड्न असाध्य हुनाले परचक्रीको सहायता मागनु-सिवाय अर्को उपाय थिएन । यस कारणले चौबीसी राजाहरूसँग सहायताका निमित्त दूतहरू पठाए । लमजुङ र परबतका राजाहरू गोरखालीका शत्रु बनिसकेका थिए । अघिका राजाहरू परलोक भइसकेका र उनका छोराहरू वीरमर्दन शाह र कीर्तिबम मल्ल राजा भइसकेका थिए । यी नवयुवक राजाहरूले जयप्रकाश मल्लको प्रार्थना सुन्ने-बित्तिकै कास्कीका राजा प्रताप शाहलाई समेत गोरखामा आक्रमण गर्न तयार गराए । पाल्पामा गन्धर्व सेनपछि तिनका नाति मुकुन्द सेन (चौथा) राजा भएका थिए । पहिले तिनसँग पृथ्वीनारायण शाहको मित्रभाव रहेको हुनाले यिनका छोरा युवराज प्रतापसिंह शाहसँग आफ्नी छोरी राजेन्द्रलक्ष्मीको विवाह गरिदिएका थिए । तिनका बन्धु दिग्बन्धन सेनको मकवानपुरको रियासत भिकिएपछि तिनी पनि गोरखालीका विरोधी दलमा सामेल भएका थिए ।

तिनीहरूको सैन्यले ई. सं. १७६६का मार्चमा[२१] गोरखामा आक्रमण गरे र गोरखा शहरदेखि पश्चिमपट्टिका

---

१७. वि. सं. १८१६ मार्गका अन्त्यमा । १८. वि. सं. १८२१ पौषमा । १९ वि. सं. १८२० श्रावणमा ।
२०. वि. सं. १८२२ वैशाखमा । २१. वि. सं. १८२२ चैत्रमा ।

गाउँमा सलह झैं घुसेर लूटपाट गर्दै हाहा मच्चाए। गोरखाली सैन्यको बडो भाग नाकाबन्दीमा रहेको हुनाले गोरखामा रहेका महोद्दामकीर्ति शाहका साथ सैनिक बहुतै कम थिए। तैपनि सोह्र वर्ष नाघेका गोरखाली ठिटाहरूलाई बटुली गोरखा शहरलाई बचाई राखे। पृथ्वीनारायण शाहले नुवाकोटबाट शूरप्रताप शाहका साथ एक छरितो सैन्य पठाउँदा यो खबर सुन्नेबित्तिकै कस्केली सैनिकहरूले गाउँमा आगो लगाउँदै हटे। लमजुङ र अरू चौबीसीका सैनिकलाई शूरप्रताप शाहले हराई भगाउँदा चेपेमा डुङ्गा नपाई हेलिएर धेरै नष्ट भए। यस लडाईंमा लूटका धन लिएर कस्केली सैनिक साबुद उम्केका हुनाले लमजुङ र परबतका राजा मिली कास्कीमा आक्रमण गरे। यस कारणले केही महीनाका निमित्त यसतर्फबाट पृथ्वीनारायण शाह निश्चिन्त भए। चौबीसी राजाहरूबाट नाकाबन्दी तोडिन नसकेको हुनाले जयप्रकाश मल्लले अङ्ग्रेजहरूको मुख ताके।

११। दलमर्दन शाहले ललितपुर छोडेका केही महीनापछि धनवन्त प्रधान पनि पृथ्वीनारायण शाहका आश्रयमा पुगेर गोरखाली भारादारमा मिले। यिनले कीर्तिपुरको कमजोरी बताउँदा पृथ्वीनारायण शाहले त्यहाँ तेस्रा पटक आक्रमण गर्न ई. सं. १७६६ का अगस्तमा[२२] शूरप्रताप शाहलाई नै सेनापति गराएर पठाए। यिनले त्यस मौजामा घेरा मात्र दिएका थिए, यसै समयमा उता कास्कीको राजधानीसम्म लमजुङ र परबतका सेनापति पुगे। यस कारणले कास्की बचाउनालाई पृथ्वीनारायण शाहले उता खटाउँदा एक साताभित्रैमा कीर्तिपुरको घेरा उठाई शूरप्रताप शाहले चेपे तरी लमजुङ रियासतभित्र घुसे। एक महीनाका बीचमा लमजुङका अनेक ठाना दखल गरी राजधानी तार्पूसम्म पुग्दा लमजुङका सैनिकहरू कास्की छोडेर आए। यस लडाईंमा पक्रिएका सैनिकहरू सुलह भएपछि छुटे। तर सरदार पारथ भण्डारी पृथ्वीनारायण शाहका आश्रयमा आई गोरखाली भारादारमा मिले।

पृथ्वीनारायण शाह नुवाकोटमा रहने गरे पनि प्रत्येक सालका नवरात्रमा गोरखामा जान्थे। यहीं विजयको उत्सव मनाएर शूरप्रताप शाहलाई कीर्तिपुरतिर पठाए। यस समयमा तिनले अनेक कम्पनी तालीमी सैनिक तयार गरेका थिए। यी र बेतालीमी सैनिकसमेत भएर ई. सं. १७६७ का आरम्भदेखि[२३] कीर्तिपुरमा घेरा दिए। रैतीहरू आत्मसमर्पण गर्न तयार भएका हुनाले शूरप्रताप शाहले हतियार चलाएनन्। त्यहाँ ललितपुरका एक प्रधान सैँख्वाधन रक्षक भएर रहेका थिए। यिनले गोपुरहरू बन्द गरी रैतीलाई आश र त्रास देखाई तीन महीनासम्म थामिराखे। आत्मसमर्पण गरेमा रैतीका जनधनको हानि हुनेछैन भनी पृथ्वीनारायण शाहले सन्देश पठाएका थिए। तीन महीना घेरिएपछि रैतीहरू नै उठेर गोपुर खोल्न तत्पर हुँदा सैँख्वाधनले शूरप्रताप शाहलाई लगेर अप्रिलमा[२४] शहरभित्र अधिकार गराइदिए। परन्तु केही मूर्खहरूले झुक्क्याई दश आठजना गोरखाली सैनिकलाई मारे। पृथ्वीनारायण शाहले यिनलाई नमारी केवल नाक र कान काटी छोडिदिए ●।

● एक विदेशी लेखकले यस घटनालाई बढाएर कीर्तिपुरका जम्मै बासिन्दाको नाक, कान कटाए भन्ने बखान गरेका छन्। उस समयका कागजातबाट यस घटनापछि डेढ वर्ष जति पृथ्वीनारायण शाह त्यहाँ रहेका देखिन्छन्। कीर्तिपुरलाई नकटापुर बनाएका भए आफू त्यहाँ किन रहन्थे?

२२. वि. सं. १८२३ भाद्रमा। २३. वि. सं. १८२३ पौषदेखि। २४. वि. सं. १८२४ वैशाखमा।

१२। मकवानपुरबाट हटेपछि कासिमअली खान र अङ्ग्रेजहरूमा कलह बढ्दै गयो। यस कलहमा अवधका नवाब शुजाउद्दौलाले कासिमअली खानको पक्ष लिए। दुइ वर्षका बीचमा अङ्ग्रेजहरूले दुवै नवाबलाई हराई बङ्गाल–विहारमा अङ्ग्रेजी इष्ट इण्डिया कम्पनीको प्रभुत्व स्थापना गरे [ई. सं. १७६४–६५][२५]। शासनको काम नाम मात्रका नवाब र धिनका अमलाहरूका हातमा बचेको थियो। तर सैनिकबल अङ्ग्रेजहरूका हातमा रहेको हुनाले वास्तवमा राज्यका हर्ताकर्ता यिनै बने। अवधमा पनि अङ्ग्रेजी सैन्यको एक टुक्रा राखेर त्यहाँका नवाब शुजाउद्दौलालाई पनि एक तरहबाट आफ्नो अधीनमा ल्याए। उत्तर भारतवर्षका यस राजनैतिक परिवर्तनलाई पृथ्वीनारायण शाह र जयप्रकाश मल्लले टकटकी लाएर हेरिरहेका थिए। घरेलु लडाइँमा एउटाको पक्ष लिएर पछिबाट सबैलाई निर्मूल गराउने अङ्ग्रेजहरूको नीति थियो। यस कारणले पृथ्वीनारायण शाह यी विदेशी व्यापारीदेखि सावधान रहन्थे।

परन्तु जयप्रकाश मल्लले कीर्तिपुरमा गोरखालीको घेरा नपर्दै अङ्ग्रेजहरूलाई उठाएर ल्याई गोरखालीलाई भगाउने अठोट गरिसकेका थिए। यस अठोटमा ललितपुरमा रहेका विदेशी पादरीहरू मिलेका थिए। बेतियामा इष्ट इण्डिया कम्पनीको एक कोठी थियो। त्यहाँ एजेण्ट भएर रहेका गोल्डिननामक अङ्ग्रेजद्वारा जयप्रकाश मल्लको फिराद पठाउने प्रबन्ध ठीक गरियो। नेपाली मानिसलाई गोरखालीको नाकाबन्दी काटेर जान असाध्य थियो। तर परदेशी तीर्थयात्रीलाई पृथ्वीनारायण शाहले छोडिदिने नियम गरेका थिए। यस नियमबाट फाइदा उठाई जयप्रकाश मल्लले रामदासनामक वैरागी र मुखतार उमदानामक मुसलमानलाई आफ्ना दूत बनाएर गोल्डिनका नाममा फिरादपत्र लेखी पठाए [ई.सं. १७६७ फरवरी][२६]।

१३। यस समयमा कलकत्तामा ... भएर मिस्टर हेरी वेरलस्ट रहेका थिए। पटनाका हाकिम मिस्टर रम्बोल्ड थिए। जयप्रकाश मल्लको पत्र पुगेपछि गोल्डिनले गोरखालीका विरुद्ध अङ्ग्रेजी सैन्य पठाउने सिफारिशको पत्र लेखी अप्रिलमा[२७] रम्बोल्डछेउ पठाए। रम्बोल्डले पनि यस कुराको समर्थन गरी वेरलस्टलाई पत्र लेखे। गोरखालीलाई हटाई काठमाडौँमा अधिकार गरेमा बङ्गाल र विहारका उत्तरपट्टिको सारा हिमालप्रदेश कम्पनीका अधिकारमा आउने देखी यस महीनाका आखिरी तारीखका दिन[२८] रम्बोल्डलाई मञ्जूरीको पत्र पठाए। साथैमा कप्तान किंलाकलाई लडाइँको बन्दोबस्त गर्ने आज्ञा दिए। वेरलस्टका आज्ञाअनुसार रम्बोल्डले नाकाबन्दी हटाऊ भन्ने पृथ्वीनारायण शाहलाई धम्कीको पत्र लेखे। अर्कातिर रामदास र उमदासँग मिलेर किंलाकले सिंधुलीबाट पस्ने बाटाघाटाको इन्तिजाम गरे। चाँडो नाकाबन्दी नतोडिएमा अक्तूबरसम्ममा[२९] जयप्रकाश मल्ल आदिलाई आत्मसमर्पण गर्न कर लाग्नेछ भनी पादरीहरूले रम्बोल्डलाई ताकिती पठाउँदा किंलाकले झरीको परवाह नराखी सितम्बरका आरम्भमा[३०] जनकपुरबाट कमला नदीको किनारा पक्री सिंधुलीतिर सैन्य ल्याए।

रम्बोल्डका धम्कीलाई पृथ्वीनारायण शाहले नटेरी हाम्रो घरेलु मामिला आफैँ मिलाउँछौँ, तिमीहरूको जरू-

---

२५. वि. सं १८२१–१८२२। २६. वि. सं. १८२३ माघ। २७. बि. सं. १८२३ चैत्रमा।
२८. वि. सं. १८२४ वैशाख १६ गते। २९. बि. सं. १८२४ आश्विनसम्ममा। ३०. बि. सं. १८२४ भाद्रमा।

रत छैन भनी उत्तर दिएका थिए। यो पत्र नपुग्दै किलाक सिंधुलीमा आइपुगे। सिंधुलीका भञ्ज्याङका गढीका रक्षाको भार लिई खजाञ्ची वीरभद्र उपाध्याय रहेका थिए। दक्षिण फेदीको गढी खाली रहेको हुनाले किलाकले त्यहाँ अधिकार गरे। यसतर्फ बलियो गराउनाका निमित्त पृथ्वीनारायण शाहले पलाञ्चोकबाट रामकृष्ण राणालाई खटाएका थिए। यी सिंधुलीमा पुग्दा फेदीका गढीमा अङ्ग्रेजी सैन्य डटिसकेको थियो। वीरभद्र उपाध्यायका पत्रबाट अङ्ग्रेज आएको खबर पाउँदा कीर्तिपुरबाट वंशराज पाँडेका साथमा अर्को सैन्य पृथ्वीनारायण शाहले पठाए। किलाकले भञ्ज्याङका गढीतिर सैन्य चढाउँदा तीनतिरबाट गोरखाली सैनिकले घेरेर आक्रमण गरे। लडाइँमा अडिन नसकी किलाकले आफ्नो सैन्य हरिहरपुरगढीमा लगी १५ दिन अडिए। बाग्मतीमा पुल हालेर सो नदी पार गरी मकवानपुरतिर चढ्ने तिनको अठोट थियो। तर पुल नबन्दै सिंधुलीमा जम्मा भएका गोरखाली सैनिक आएर आक्रमण गरे। अङ्ग्रेजी सैन्यका धेरै मानिस औलाका ज्वरोले भक्रान भएका थिए। त्यस कारणले पाँच सय जति बन्दूक र गोलीगट्ठासमेत छोडेर भागी चुरेपार भए। यी बन्दूकबाट पृथ्वीनारायण शाहले कम्पनीहरू अरू बढाए।

१४। पृथ्वीनारायण शाहले काठमाडौं मकवानपुर आदि रियासतका राजाहरूको शक्ति तोड्नाका निमित्त जो युद्ध चलाएका थिए, त्यो घरेलु युद्ध थियो। यी साना साना रियासतलाई जोडेर एक राज्य बनाउने धुनमा गोरखाली प्रजाहरूले तन, मन र धनले राजाको पूरा साथ दिने गरेका थिए। परन्तु काठमाडौं आदि रियासतका प्रजाहरू उदासीन थिए। यी रियासतका राजाहरूका आश वा त्रासले मात्र लडाइँमा सामेल हुन्थे। यसै कारणले यिनीहरूको हार हुँदै आएको थियो। आफ्ना हारको कारण नबुझी परचक्रीलाई बोलाएर गोरखालीलाई हटाउने पहिला उद्योग मकवानपुरका दीवान कनकसिंह बानियाँले गरेथे। बङ्गाल–विहारका नवाबहरूले मकवानपुरका रियासतलाई चुसेर सिट्ठी बनाइरहेका थिए। यस अवस्थामा आफ्ना देशबन्धु गोरखालीलाई हटाउनाका निमित्त परचक्री मुसलमानको अधिकार गराउने उद्योग गर्नु तिनको कम घृणित काम थिएन।

पलासीका लडाइँपछि अङ्ग्रेज व्यापारीहरूले बङ्गाल–विहारका प्रजालाई लुटेर हाहा मच्चाइसकेका थिए। प्रशस्त सलामी वा घूस दिने व्यक्तिलाई नवाब बनाउँदै गरी आखिरमा आफ्नै राज्य कायम गरेका थिए। यो देखेर पनि यी अङ्ग्रेजहरूलाई बोलाउनु जयप्रकाश मल्लबाट झन् घृणित काम भएको थियो। यो साल हामी फर्कनुपर्‍यो भन्ने किलाकको सन्देश लिएर एक दूत हरिहरपुरबाट काठमाडौंमा आउँदा जयप्रकाश मल्ल मात्र दिक्क भएका थिए, अरू प्रजा दङ्ग भए।

★

## बीसौँ परिच्छेद

# नेपाल राज्यको स्थापना

[ई. सं. १७६७–७५][१]

१। पृथ्वीनारायण शाहले विनालडाईँले कीर्तिपुरमा अधिकार गरी त्यहाँका रैतीका उपर दया देखाएर नून, कपास आदि खोलिदिएका हुनाले नेपालब्याँसीभित्रका अरू मौजाका बासिन्दाले पनि आत्मसमर्पण गर्दै रहे। केवल काठमाडौँ, ललितपुर र भक्तपुर शहरभित्रका बासिन्दाहरू पनि केही महीनासम्म अङ्ग्रेजहरूको गतिविधि हेर्दै रहे। यिनीहरूको दृष्टि नेपालबाट हटेको देखेर पृथ्वीनारायण शाहले ई. सं. १७६८का सितम्बरमा[२] काठमाडौँ शहर दखल गर्ने अठोट गरे। यस महीनाका आखिरमा यस शहरमा पाँच दिनसम्म इन्द्रयात्राको उत्सव मनाउने चलन अघिदेखि चलिआएको थियो। यसमा जयप्रकाश मल्लले कुमारीयात्रा थपेर उत्सवलाई झन् बढाएका थिए। यस शहरलाई एक तरहले गोरखालीले घेरिसकेका हुनाले गोपुरहरू बन्द गरेर जयप्रकाश मल्लले उत्सव शुरू गरे। यस उत्सवमा राजा रैती सबै मस्त भइरहेका तेस्रा दिन आधा रातका समयमा तीनतिरबाट गोरखाली सैनिकहरू गोपुर तोडेर पसे। एकापट्टिबाट स्वयं पृथ्वीनारायण शाहसमेत पसेका थिए। नगरकोटी सैनिकहरूले मामूली मुकाबिला गरी बाटो छोडिदिँदा यस महीनाका २६ तारीखका आरम्भका रातमा[३] राजभवनमा अधिकार जमाए। गोरखाली र नगरकोटी सैनिकमा केवल पच्चीस पच्चीस जना जति लडाइँमा परे। जितबाजीको बढाइँ गर्दा बारुतले पोलिएर तुलाराम पाँडे परलोक भए।

जयप्रकाश मल्ललाई भाग्न सजिलो होओस् भनेर पृथ्वीनारायण शाहले दक्षिणपट्टिको गोपुर छोडिदिएका थिए। राजभवनमा गोरखालीको दखल भएको खबर सुन्नेबित्तिकै ती राजा त्यतैबाट भागी बिहानै ललितपुरमा पुगे। यिनको सट्टामा आफ्नो प्रतिनिधि पठाई पृथ्वीनारायण शाहले यात्राको काम पूरा गरिदिए। भोलिपल्ट पनि नाचगान बन्द–व्यापार आदि चलिरहे। यसै दिन रामकृष्ण राणाले र बाघ भीमसेन थापाका छोरा अमरसिंह थापाले सर्दारी मान पाए। नाकाबन्दी खुल्दा शहरका बासिन्दा पनि प्रसन्न भए।

२। काठमाडौँमा अधिकार भएपछि पृथ्वीनारायण शाहले त्यहाँका रैतीको धनसम्पत्तिमा रतीभर पनि बिगार नगरी आत्मसमर्पण गर्ने त्यहाँका मन्त्री वा प्रधानहरूको धनसम्पत्ति पनि थामिदिएका थिए। यस कारणले ललितपुरका प्रधानहरू पनि आत्मसमर्पण गर्न तत्पर भए। पृथ्वीनारायण शाहले आफ्ना गुरु श्रीहर्ष मिश्रलाई पठाई अभयको शपथ दिँदा गोपुरहरू खोलिदिए। यस कारणले पृथ्वीनारायण शाहले केहरसिंह बस्न्यातका साथ गोरखाली सैन्य पठाई त्यस शहरमा अधिकार गरे [६ अक्तूबर][४]। अघिल्लै दिन रातमा जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल

---

१. वि. सं. १८२४–१८३१। २. वि. सं. १८२५ भाद्रमा। ३. वि. सं. १८२५ आश्विन १३ गते।
४. वि. सं. १८२५ आश्विन २४ गते।

भागेर भक्तपुरमा पुगेका थिए । ललितपुरमा अधिकार भएपछि पृथ्वीनारायण शाहले धनवन्त प्रधानलाई काजी गराई त्यहाँका शासनको अधिकार दिए ।

जयप्रकाश मल्लले केपुचिन पादरी होरेसको हुमंत लिएपछि नेपालबाट यिनीहरूको अखाडा उठेको थियो तापनि चाँडै नै रणजित् मल्लले पटनामा मानिस पठाएर पादरी जोआचिमलाई डाकी भक्तपुरमा नयाँ अखाडा खोलेका थिए [ई. सं. १७३९][५]। यिनीहरूले ६ वर्षका बीचमा काठमाडौँ र ललितपुरमा समेत अखाडा बनाए । तीनै शहरका राजाहरूले यिनीहरूलाई घर र जग्गाजमीन दिई क्रिस्तान धर्म प्रचार गर्ने स्वतन्त्रता दिएका थिए । पछि भक्तपुर-बाट यिनीहरूको अखाडा उठिसकेको थियो । मुख्य अखाडा ललितपुरमा भएको थियो । यतिञ्ज्यालसम्म क्रिस्तान धर्मको प्रचारको काम मात्र गरे तापनि मौका भेट्टाएर गोरखालीका विरुद्ध अङ्ग्रेजलाई उठाई ल्याउनामा अघि सरेका हुनाले पृथ्वीनारायण शाहले यिनीहरूलाई निकाल्ने निश्चय गरी ई. सं. १७६९ का फरवरीमा[६] ललितपुर गएर पादरी माइकेल एंजिलोलाई आदरपूर्वक बोलाई आफ्ना चेलाहरूसमेत लिएर नेपाल छोड्ने आज्ञा दिए । दुइ पादरीका साथ सवा सय जति नेपाली क्रिस्तानहरू बेतियामा गएर आवाद भए ।

३। ललितपुरसमेत गोरखालीका अधिकारमा आएपछि पृथ्वीनारायण शाहले नाकाबन्दी तोडिदिएका थिए । यसबाट लाभ उठाई जयप्रकाश मल्ल र रणजित् मल्लका ल्याइतापट्टिका छोरा अजितसिंह मिली गोरखालीसँग मुकाबिला गर्न कम्मर कसे । रणजित् मल्ल ७२ वर्षका बूढा भइसकेका र उत्तराधिकारी छोरा वीरनरसिंह मल्ल परलोक भइसकेका हुनाले आत्मसमर्पण गर्न तयार थिए । तर जयप्रकाश मल्लका आग्रहले रोकिए । यस समयमा चौदण्डीमा जगत् सेनका भतिजा कर्ण सेन राजा भइरहेका थिए। यिनले जयप्रकाश मल्लका सहायतालाई लडाका खम्बूहरू पठाए। यीबाहेक मुर्मीहरूसमेत भर्ना गरी जयप्रकाश मल्ल र अजितसिंहले एक सैन्य तयार गरी शहरभित्र राखे । यस कारणले ई. सं. १७६९ का अप्रिलदेखि[७] पृथ्वीनारायण शाहले रामकृष्ण राणाका साथ गोरखाली सैनिक पठाएर भक्तपुर शहरमा घेरा दिए । नवम्बरका आरम्भमा[८] शूरप्रताप शाह, वंशराज पाँडे, अमरसिंह थापा आदि सेनापतिहरू-का साथ ५ हजार जति सैनिक पठाई गिर्दा पर्खाल तोडी शहरभित्र आक्रमण गरे । तीन दिनसम्म अहोरात्र लडाइँ भइरह्यो । गोरखाली सैनिक केवल ५० जना जति परे । जयप्रकाश मल्लका १७ सय सैनिक खेत रहे । यस हुलमूलमा जनानासमेत घायल भए । जयप्रकाश मल्ल घायल हुँदा चौथा दिन बिहान रणजित् मल्लले आत्मसमर्पण गरे [१२ नवम्बर][९]।

यो समाचार पाउनेबित्तिकै पृथ्वीनारायण शाह काठमाडौँबाट भक्तपुरमा पुगी तीनै राजासँग भेट गरे । तेज-नरसिंह मल्ल राजवंशका नहुनाले बडो अनादर गरी तिनलाई भक्तपुरमा नै कैदमा राखे। रणजित् मल्लले काशीमा गई तीर्थसेवन गर्ने इच्छा प्रकट गर्दा खुशीसाथ मञ्जूर गरे । जयप्रकाश मल्लका गोडामा लागेको गोलीको चोट निको हुन नसकी सात दिनपछि परलोक भए। यिनका एक मात्र छोरा ज्योतिप्रकाश मल्ल अगाडि नै परलोक भएका हुनाले यिनको वंश नै निर्मूल भयो । ई. सं. १७७० का आरम्भमा[१०] रणजित् मल्ल पनि अजितसिंहलाई साथ लिई

---

५. वि. सं. १७९६ । ६. वि. सं. १८२५ माघमा । ७. वि. सं. १८२६ वैशाखदेखि । ८. वि. सं. १८२६ कार्तिकको मध्यमा । ९. वि. सं. १८२६ मार्ग १ गते । १०. वि. सं. १८२६ पौषमा ।

काशी गए । भक्तपुर बखल भएपछि पृथ्वीनारायण शाहले महाराज भन्ने पदवी लिई वर्तमान नेपाल राज्यको जग बसाले, जसमा चेपे र दूधकोशीका बीचको हिमाल, पहाड र मकवानपुरको भित्री तराई सम्मिलित थिए ।

४। मकवानपुरका रियासतमा पर्सादेखि महोत्तरीसम्मको बाहिरी तराई पनि मिलेको थियो । हरिहरपुरबाट हटेर गएपछि किलाकले रौतहटमा बसी त्यस बाहिरी तराईको मालपोत तहसील गरिरहेका थिए । अर्का साल गोरखालीका उपर आक्रमण गर्ने तयारी गर्दा कर्ण सेनले पनि सहायता गर्ने प्रतिज्ञा गरेका थिए । यिनीहरूको इन्तिजाम ठीक नहुँदैमा पृथ्वीनारायण शाहले काठमाडौँ र ललितपुरमा अधिकार जमाउँदा किलाकले नेपालमा अधिकार गर्ने उमेद छोडिदिए । तर भोटसंग व्यापार खोलेर हुने लाभलाई अङ्ग्रेजहरूले भुल्न सकेनन् । सके जयप्रकाश मल्ललाई फेरि काठमाडौँका राजा गराई र नसके पृथ्वीनारायण शाहसँग नै शर्त बाँधी सो व्यापार खुलाउनाका निमित्त बेरल्स्टले मिस्टर जसलोगनलाई नेपालतिर खटाए । प्रत्यक्षमा मित्रता गर्ने र परस्परमा मेल गराइदिने बेहोराका पत्र लेखी जयप्रकाश मल्ल, पृथ्वीनारायण शाह, कर्ण सेन आदि ८ जना पहाडी राजाहरूका नाउँमा पठाए [ई. सं. १७६९ नवम्बर][11]। प्रत्येक राजासँग भेट गर्ने बहानाले बाटाघाटाको जाँच गर्ने लोगनको उद्देश्य थियो । यी काठमाडौँमा नउत्रँदै जयप्रकाश मल्ल परलोक भएका हुनाले निराश भई बीचैबाट फिरे ।

पृथ्वीनारायण शाह पनि मकवानपुरका राजाका भोगमा रहेको यो बाहिरी तराई छोड्न चाहँदैनथे । मैदानमा गई अङ्ग्रेजी सैन्यसँग लडेर जित्न पनि असाध्य देखेका थिए । यस कारणले सलैसँग फिर्ता लिनाका निमित्त ई. सं. १७७१ का आरम्भमा[12] सुब्बा दीनानाथ उपाध्यायलाई आफ्ना राजदूत बनाएर दरभङ्गामा पठाए । अङ्ग्रेज गभर्नर पनि थाकेर नेपालसँग सुलह गर्ने अधिकार दरभङ्गाका हाकिम मेजर केलीलाई दिए । मकवानपुरका तराईको खिराजबापत मकवानी राजाहरूले दिएबमोजिमको सालिन्दा एउटा हात्ती लिने शर्त राखी केलीले त्यो तराई छोडिदिए । यसको सूचना पाएपछि किलाकले पनि डेराडण्डा उठाए ।

५। भक्तपुरमा अधिकार भएपछि पृथ्वीनारायण शाहलाई पूर्वपट्टिका चौदण्डी र विजयपुरका रियासतमा अथवा गोरखादेखि पश्चिमपट्टिका लमजुङ, तनहुँ आदि चौबीसी रियासतहरूमा अधिकार बढाउन दुवैपट्टिबाट खुला थिए । चौदण्डी र विजयपुरका रियासतहरूमा सप्तरी र मोरङका बाहिरी तराईसमेत थिए । मकवानपुरका बाहिरी तराईका विषयमा अङ्ग्रेजी इस्ट इन्डिया कम्पनीसँग सम्झौता नभएसम्म सप्तरी र मोरङमा अधिकार गर्न असाध्य थियो । यी बाहिरी तराई छोडेर पहाडप्रदेश मात्र लिन पृथ्वीनारायण शाह चाहँदैनथे । त्यस कारणले सम्झौताका निमित्त दीनानाथ उपाध्याय दरभङ्गातिर रमाना भएपछि पश्चिमतिर अधिकार बढाउनामा अघि सरे ।

ई. सं. १७७० का आरम्भमा[13] तनहुँका राजा त्रिविक्रम सेन परलोक भई तिनका जेठा छोरा कामारिदत्त सेन राजा भएका थिए । एक पटक कैदबाट छुटेपछि त्रिविक्रम सेनले आफ्नो जिन्दगीभर गोरखालीसँग मित्रता कायम राखेका थिए । तर नवयुवक कामारिदत्त सेनले पाल्पाली राजा मुकुन्द सेनका बहकावटमा आएर पृथ्वीनारायण शाहसँग मात्र होइन, लमजुङका राजा वीरमर्दन शाहसँग समेत विरोध बेसाएका थिए । यस समयमा निज वीरमर्दन

११. वि. सं. १८२६ कार्तिक । १२. बि. सं. १८२७ पौषमा । १३. वि. सं. १८२६ पौषमा ।

शाह र कस्केली राजा प्रताप शाहसमेत गोरखालीको शक्तिदेखि डराई पृथ्वीनारायण शाहसँग विरोध गर्न नसक्ने भइसकेका थिए । यस अवसरमा ई. सं. १७७१ का फरवरीमा[१४] पृथ्वीनारायण शाहले ५०० जति तालीमी र ९०० जति बेतालीमी सैनिकका साथ दलजित् शाह र केहरसिंह बस्न्यातलाई तनहुँमा आक्रमण गर्न पठाए । एक महीनाका बीचमा यिनीहरूले रक्तपात बहुत कम गराई बीस बाइस ठानाहरू दखल गरे । मार्चमा[१५] राजधानी सुरमा घेरा दिँदा कामारिदत्त सेनले आत्महत्या गरे । यिनका माहिला भाइ हरकुमारदत्त सेनले आत्मसमर्पण गरेका हुनाले पृथ्वीनारायण शाहले यिनलाई सगुता राजा बनाई गोरखाली सैनिकलाई काठमाडौँमा बोलाए ।

६। पृथ्वीनारायण शाहले ललितपुरका देवीदास आदि प्रधानहरूको धन जमीन थामिदिएर आनन्दसँग रहन दिएका थिए । तर कुचक्रमा लागिरहने बानी बसेको हुनाले चूपचाप रहन नसकी गोरखाली सैन्य तनहुँमा लडिरहेका समयमा पृथ्वीनारायण शाहलाई मारेर तेजनरसिंह मल्ललाई काठमाडौँ आदि तीनै रियासतका राजा बनाई शासनको बागडोर आफ्ना हातमा लिने षड्यन्त्र गरे । जयप्रकाश मल्लले झिकाएका नगरकोटी सैनिकहरूमा नेवारनीहरूसँग फसेर भक्तपुरका इलाकामा घरद्वार गरी रहेका तीन सय जति जवान थिए । ती प्रधानहरूले यिनीहरूलाई पनि त्यस षड्यन्त्रमा मिलाई भवानीसिंहनामक नगरकोटीलाई पृथ्वीनारायण शाहको हत्या गर्ने काममा खटाए ।

यस सालका फरवरीका अन्त्यमा[१६] काठमाडौँबाट भक्तपुरमा जान लागेका समयमा बाटाको एकान्त पारी स्यानामा रहेका पृथ्वीनारायण शाहका उपर तरवार लिई भवानीसिंहले झम्टँदा अङ्गरक्षक भएर रहेका श्रीहर्ष पन्थले त्यसलाई घायल गराएर पक्रे । त्यसबाट षड्यन्त्रको भेद खुल्दा पृथ्वीनारायण शाहले देवीदास आदि ५ प्रधानहरूलाई कटाइदिए, खड्गधरनामक प्रधान भागी बेपत्ता भए । गोरखाली सैनिक पठाई ३०० जना जति नगरकोटीहरूलाई पनि उनका घरघरैमा कटाइदिए । तेजनरसिंह मल्लको कैद कडा गरिदिए । नेपालका साधारण रैती यस षड्यन्त्रमा नपसेका हुनाले शान्तिभङ्ग हुन पाएन ।

७। तनहुँमा दलजित् शाह सफल भई फिरेका हुनाले पृथ्वीनारायण शाहले ललितपुरका प्रधानहरूको काम तमाम गरी कालीगण्डकीसम्म नेपाल राज्य फैलाउने अठोट गरे । यस काममा आफ्ना भाइहरूलाई नपठाई वंशराज पाँडे र केहरसिंह बस्न्यातका साथ ६ कम्पनी (६ सय जति) तालीमी सैनिक र २ हजार जति बेतालीमी सैनिकसमेत पठाए । केहरसिंह बस्न्यात तनहुँको बाटो गए; हरकुमारदत्त सेनले सहायताका निमित्त आफ्ना सैनिक यिनका साथ लगाए । यस साल मइका मध्यमा[१७] रिसिङका राजाले पनि नेपाल राज्यको आश्रय लिई सगुता बने । भीरकोटका राजाले नेपाल राज्यका आश्रयमा आउने कबोल नगर्दा केहरसिंह बस्न्यातले जूनका मध्यमा[१८] त्यहाँ आक्रमण गरिदिए । गृहाकोटका लडाइँमा त्यहाँका राजा हारेर परबतमा भागे । दोस्रा दिन गह्रौँ र पय्यूँका राजाहरूले पनि परबतको बाटो पक्रेका हुनाले भीरकोट, गह्रौँ र पय्यूँमा गोरखालीको अधिकार भयो । सतौँ र ढोरका राजाहरू आश्रयमा आए । गृहाकोटका लडाइँमा तनहुँका सैनिक शत्रुसँग मिलेका हुनाले केहरसिंह बस्न्यातले कटाइदिँदा हरकुमारदत्त सेन मुरमुरिएका थिए । वंशराज पाँडे लमजुङको बाटो कास्कीमा गई भँडारीढिकमा आड बनाई रहेका

---

१४. वि. सं. १८२७ माघमा । १५. वि. सं. १८२७ फागुनमा । १६. वि. सं. १८२७ फागुनको मध्यमा ।
१७. वि. सं. १८२७ ज्येष्ठमा । १८. वि. सं. १८२७ आषाढका आरम्भमा ।

थिए । भीरकोट दखल भएपछि यिनले नुवाकोट (पल्लो)मा आक्रमण गरे । तर टिप्पामा रहेको राजधानी दखल गर्न नसकी स्याङ्जामा आएर बसे । केहरसिंह बस्न्यात पनि यहीँ आएर बर्षाद बिताए । यस तरहले कालीगण्डकीसम्म यिनीहरूले अधिकार गरिसकेका थिए ।

परन्तु कालीपारका परबतका राजा कीर्तिबम मल्ल गोरखालीका विरुद्ध तयारीमा लागिरहेका थिए । यिनले लमजुङ र तनहुँका राजाहरूलाई समेत गोरखालीका विरुद्ध लड्न तयार गराए । भीरकोट, सतौँ, गह्रौँ आदिका लडाका मानिसहरूलाई पनि लड्न तयार गराई सतौँमा २ हजार जति जवानको एक सैन्य खडा गरे । यसरी त्यहाँ शत्रुको जमात बढ्दै आएको देखेर वंशराज पाँडे र केहरसिंह बस्न्यातले १६ दिसम्बरका[19] दिन आक्रमण गर्दा भयङ्कर लडाइँ भयो । यसमा ५ सय जति सैनिकका साथ केहरसिंह बस्न्यात खेत रहे, वंशराज पाँडे पक्रिएर कैदी भई परबतमा पुगे । बचेका गोरखाली सैनिकले ढोरमा गएर आड लिए । यो खबर पाएर पृथ्वीनारायण शाहले धोकलसिंह बस्न्यातका साथ काठमाडौँबाट अर्को सैन्य पठाए । यो सैन्य गोरखामा पुगेका दिन शत्रुले ढोरमा आक्रमण गर्दा त्यहाँका राजा पनि बागी भएर लडे । यस लडाइँमा पनि गोरखालीको हार भई रणशूर पाँडे र प्रभुनारायण मल्ल २ जना सरदार पक्रिए । तर सुबेदारहरूले सैनिकको सङ्गठन नतोडी गोलीगट्ठासमेत तनहुँमा ल्याएर धोकलसिंह बस्न्यातसँग मिले । भीरकोट, गह्रौँ, पय्यूँ र रिसिङमा रहेका गोरखाली सैनिकले पनि ती रियासत छोडिदिए [ई. सं. १७७२, २५ जनवरी][20]। धोकलसिंह बस्न्यातले अगाडि बढ्ने हिम्मत गर्न नसकी गोरखाली सैन्यलाई काठमाडौँमा ल्याए ।

८। पृथ्वीनारायण शाहले काठमाडौँ आदि तीन रियासतमा नाकाबन्दी गरिरहेका समयमा विजयपुरका रियासतमा राजा कामदत्त सेन र तिनका नवयुवक दीवान बुद्धिकर्ण रायका बीचमा कलह चलिरहेको थियो । यस कलहमा कहिले राजाले र कहिले दीवानले विजयपुर छोडेर भाग्नुपर्दथ्यो । पछिल्ला पटक ई. सं. १७६७ मा[21] कामदत्त सेन भागेर अङ्ग्रेज गवरनरसँग सहायता माग्न कलकत्ता पुगे । तर आफैँ बेरामी हुँदा फर्केर आई लरखरिएका समयमा सुखिमका राजा रोप छिरिङले इलाम दखल गरेका हुनाले सन्धि गर्न भनी बुद्धिकर्ण राय सुखिममा गए । यस मौकामा विजयपुर खाली पाएर कामदत्त सेन आई बुद्धिकर्ण रायका भाइलाई मारिदिए । यो खबर पाएर राजा र दीवानमा मेल गराउन भनी रोप छिरिङले भोटिया अफिसरहरूका साथ बुद्धिकर्ण रायलाई विजयपुरमा पठाए । यी अफिसरहरू बुद्धिकर्ण रायका गफमा आइसकेका हुनाले कचहरीमा वादविवाद भइरहेका समयमा कामदत्त सेनलाई मारिदिए [ई. सं. १७७१अं.][22]। कर्णसेनका छोरा रिपुमर्दन सेनलाई नामका राजा थापी बुद्धिकर्ण राय विजयपुर रियासतका ठालू भए ।

कामदत्त सेन पृथ्वीनारायण शाहका दाज्यू (फुफूका छोरा) थिए । यिनीहरूको गहिरो मित्रभाव थियो । अङ्ग्रेजहरूसँग बाहिरी तराईका विषयमा सम्झौता भएपछि चौदण्डी रियासतमा अधिकार गर्न जाँदा कामदत्त सेनसँग सहायता लिने निश्चय पृथ्वीनारायण शाहले गरेका थिए । यस्तै अवस्थामा कामदत्त सेनको हत्या भएको र कर्णसेन र

---

१९. वि. सं. १८२८ पौष ५ गते ।
२०. वि. सं. १८२८ माघ १५ गते ।
२१. वि. सं. १८२४ मा ।
२२. अन्दाजि वि. सं. १८२८ ।

बुद्धिकर्ण राय मिलेको समाचार पाए । यसै समयमा सतहुँमा ठूलो हार भएको थियो तापनि पृथ्वीनारायण शाहको हरेस खाने स्वभाव नहुनाले नजिकी बाङ्गे बस्न्यातलाई माझकिराँतमा रहेका ब्राह्मण क्षत्रीलाई आपना पक्षमा मिलाउने तजबीज गरिरहेका थिए । कर्ण सेनका विरोधी त्रिलोचन उपाध्याय (पोखऱ्याल)ले पनि पृथ्वीनारायण शाहछेउ गोरखाली सेनालाई निमन्त्रणा पठाए ।

६। यस रियासतमा किराँतका पाहाडखण्डको परिस्थिति बुझेका रामकृष्ण राणा पलाञ्चोकमा नै थिए । पृथ्वीनारायण शाहले जिनलाई सेनापति गराएर अमरसिंह थापालाई थिनका नायब गराई ६ सय जति तालीमी र २ हजार जति बेतालीमी सैनिकसमेत किराँतमा आक्रमण गर्न खटाए । युद्धको सञ्चालन गर्न आफू काठमाडौँमा बसे । २५ अगस्तका[२३] दिन बर्साँदले अत्यन्त बढेको दूधकोशी नदीलाई रामकृष्ण राणाले पार गरी चौदण्डीका रियासत-भित्र गोरखाली सैन्य लगे । त्रिलोचन उपाध्याय र थिनका छोरा वा भतिजा हरिनन्द उपाध्यायले यस रियासतका ब्राह्मण क्षत्रीहरूलाई नेपाल राज्यका पक्षमा मिलाइसकेका थिए । बुद्धिकर्णको पक्ष लिएर खम्बूहरूले गोरखाली सैन्यलाई रोके । यी खम्बूहरूमा रियासतका सैनिक मात्र थिएनन्, साधारण रैतीबाट पनि युवकहरू *छाँटिएर* लड्न आएका थिए । हलेसी, रावा आदि अनेक ठाउँमा लडाइँ भए । खम्बूहरू विषमा चोभेर बाण हान्दथे । थिनका मारबाट बच्न कठिन थियो । तर गोरखालीका बन्दूकका अगाडि थिनका धनुबाण व्यर्थ भए । एक हजार जति खम्बू मारिए, ४ सय जति नदीमा हेलिए तथा १४ सय जति कैद भए । सितम्बरभरमा[२४] माझकिराँत छिचोली रामकृष्ण राणाले अरुनकोशीका किनारा दिङलासम्म अधिकार जमाए । ई. सं. १७७३ का जनवरीसम्म[२५] खम्बू-हरूले गोरखाली सैन्यका उपर छापा मार्दै रहे । फरवरी लागेपछि[२६] थिनीहरू ठण्डा भएका हुनाले माझकिराँतभरमा नेपाल राज्यको आधिपत्य स्थापना भयो ।

चौदण्डी र विजयपुरका तराईमा अधिकार गर्न पृथ्वीनारायण शाहले बख्शी अभिमानसिंह बस्न्यातलाई खटाएका थिए । परन्तु यस तराईका पोतका रूपमा केही रुपियाँ पटनामा रहेका मुगल अमलाहरूले लिने गरेका थिए । यस कारणले अङ्ग्रेजहरूसँग मेल राखेर मात्र त्यसपट्टिका तराईमा अधिकार गर्न उचित थियो । यस कारणले पृथ्वीनारायण शाहले मइका आखिरमा[२७] अङ्ग्रेज गभरनर वारेन हेस्टिङ्ग्जलाई विजयपुरका दीवान बुद्धिकर्ण रायले अन्याय गरी राजा कामदत्त सेनलाई मारेको र निज राजा मेरा दाज्यू हुनाले बुद्धिकर्णका उपर आक्रमण गर्दछु, अम्बरपुर (सप्तरी) र विजयपुर (मोरङ) को चलिआएको तिरो बुझाउँछु, बुद्धिकर्णलाई सहायता नदिनुहोला भन्ने पत्र लेखेर पुरुषोत्तम पण्डित र अक्षय मिश्रका साथ रमाना गरे । यसै आशयका दलजित् शाहका र अभिमान-सिंह बस्न्यातका नामबाट समेत एकएक पत्र पठाइए । दुइ महीनासम्म जवाफ नआउँदा जुलाईका मध्यमा[२८] अभि-मानसिंह बस्न्यातले आपना नायब पारथ भण्डारी सर्दारका साथ ४ सय जति तालीमी सैनिक कमला नदी पार लगाई बिनालडाइँले चौदण्डीमा अधिकार जमाए [१५ जुलाई][२९] । कर्ण सेन भागेर विजयपुरमा पुगे । हिउँद

---

२३. वि. सं. १८२८ भाद्र १३ गते । २४. वि. सं. १८२८ भाद्र आश्विनसम्म । २५. वि. सं. १८२९ पौष माघ-सम्म । २६. वि. सं. १८२९ माघको आधाआधीदेखि । २७. वि. सं. १८३० ज्येष्ठमा । २८. वि. सं. १८३० श्रावणमा । २९. वि. सं. १८३० श्रावण ४ गते ।

लागेपछि अभिमानसिंह बस्न्यातले सप्तरीभरमा नेपाल राज्यको आधिपत्य स्थापना गरे।

१०। नेपाल राज्यमा तिमीहरू सामेल भएपछि पनि सेन राजाहरूबाट जो अधिकार पाएका छौ, त्यो पाइनेछ भनी पृथ्वीनारायण शाहले किराँतका बासिन्दाहरूलाई सन्देश पठाएका थिए। यसलाई अनादर गरेर माझकिराँतका खम्बूहरूले त्यस अधिकारलाई गुमाए। परन्तु पल्लोकिराँतका याकथुम्बाहरूले त्यस सन्देशलाई आदर गरी गोरखाली भारादारहरूलाई बोलाउँदा माझकिराँतका रक्षालाई केही सैन्य छोडेर रामकृष्ण राणा र अमरसिंह थापाले गोरखाली सैन्य अरुनकोशी तारी चैनपुरमा लगे। ई. सं १७७४ का अप्रिलमा[३०] अभिमानसिंह बस्न्यातसमेत त्यहाँ पुगे। यिनीहरूले महाभारतका गढीहरूमा गोरखाली सैनिक राखी किराँतका पहाड र मोरङका तराईको सम्बन्ध रोकिदिए। मध्य झरीका मौसममा चौदण्डी दखल गरेको ठीक एक वर्षपछि कोशी नदी पार गरेर विजयपुर राजधानीमा आक्रमण गरे [१७ जुलाई][३१]। उर्लेका कोशीलाई हात्तीमा सवार भई पार गर्नु महाकठिन काम थियो। यस कारणले बुद्धिकर्ण राय निर्भय रहेका थिए। एक्कासि गोरखालीको आक्रमण हुँदा ८५ जना याकथुम्बा सैनिक मारिए। कर्ण सेन भागेर मुग्लानमा गई अडिए। बुद्धिकर्ण राय सुखिममा पुगे।

विजयपुरका राजा कामदत्त सेन र बुद्धिकर्ण रायका कलहको मौका छोपेर सुखिमका राजा रोप छिरिङले तमोरदेखि पूर्वपट्टिको इलाम प्रदेश र कनकाई र टिस्ता नदीहरूका बीचको तराईसमेत बलैसँग अधिकार गरेका थिए। पृथ्वीनारायण शाहले गङ्गानन्द आचार्यलाई राजदूत गराएर सुखिममा पठाए। यिनका साथ बुद्धिकर्ण रायलाई हाम्रा भारादारछेउ सुम्पिदेऊ, विजयपुर रियासतबाट काटेर लिएका प्रदेश फिर्ता गर, नत्र सुखिममा समेत आक्रमण गर्छौं" भन्ने बेहोराको पत्र पनि पठाए। रोप छिरिङले बुद्धिकर्ण रायलाई मुगलानतिर भगाइदिए। तर सितम्बरका आखिरमा[३२] विजयपुरबाट लिएका इलाम र तराईसमेत छोडी सुलह गरे। नवम्बरसम्ममा[३३] पल्लो किराँतका र मोरङ तराईका समेत तालुकदारहरू विजयपुरमा गएर नेपाल राज्यको आधिपत्य स्वीकार गरे।

११। सप्तरी र मोरङका तराईमा अधिकार गर्नालाई अङ्ग्रेज गवरनर वारेन हेस्टिङ्गजसँग मञ्जूरी लिनाका निमित्त पृथ्वीनारायण शाहले पठाएको पत्र पुरुषोत्तम पण्डितले तिनका हातमा पुऱ्याइदिएका थिए। तर पटनामा गएर जवाफ दिउँला भनी अलमल्याउँदा पुरुषोत्तम पण्डित काठमाडौँमा फर्केका थिए। यस बीचमा हेस्टिङ्गजले नामका नबाबलाई पनि खारेज गरी बङ्गाल–विहारमा इष्ट इण्डिया कम्पनीको राज्य स्थापना गरिदिए। विजयपुरमा अभिमानसिंह बस्न्यातले अधिकार गरेको खबर पाएपछि हेस्टिङ्गजले त्यहाँबाट गोरखाली सैनिक हटाउनू भनी पृथ्वीनारायण शाहलाई पत्र लेखे। साथैमा त्रिबेनीबाट बङ्गालसम्म पुगी अङ्ग्रेजका व्यापारी कोठीहरू लूट गर्ने संन्यासी डाँकूहरूलाई तराईमा अडिन नदिनू भन्ने सन्देश पनि पठाए। गण्डकीका किनारामा बेतियाका जमीनदारीमा यी डाँकूहरूको अखाडा बनेको थियो। तराईबाट यिनलाई हटाउने सन्देश पठाएर त्यहाँ गोरखालीको अधिकार हेस्टिङ्गजले स्वीकार गरिसकेका थिए। यी डाँकूहरूलाई निर्मूल गराउनाका निमित्त बेतियामा आफ्नो अधिकार गर्नामा अङ्ग्रेज-

३०. वि. सं: १८३० चैत्रमा। ३१. वि. सं. १८३१ श्रावण ५ गते। ३२. वि. सं. १८३१ आश्विनमा।
३३. वि. सं. १८३१ मार्गसम्ममा।

बाट सहायता मिलोस्, तराईमा जमाएको आफ्नो अधिकार पाको होओस् भनी पृथ्वीनारायण शाहले दीनानाथ उपाध्यायलाई राजदूत गराई वर्षाको परवाह् नराखेर अगस्तका मध्यमा[३४] कलकत्तातिर हिँडाए ।

भोट र विहार–बङ्गालका बीचको नेपालीका हातमा रहेको व्यापार युद्धकालमा खलबलिएको थियो । यसलाई राम्रा तरीकासँग स्थापना गर्न र मल्ल राज्यहरूको पक्ष लिई भोटका शासकहरूले गोरखालीहरूलाई जो घटिया दृष्टिले हेर्न लागेका थिए, त्यसलाई हटाउनाका निमित्त पृथ्वीनारायण शाहले ल्हासाका बालक पोताला लामा र उनका अभिभावक गेसब रिन्पोछेका नाउँमा एक एक पत्र र डिगर्चाका टाशी लामा पाल्देन येशेलाई अर्को पत्र लेखे । यी पत्रहरूका साथ एक टोली दिसम्बरका आखिरमा[३५] भोटतर्फ रमाना गरे ।

१२। अङ्ग्रेज र भोटसँग मात्र होइन, अवधका नवाब शुजाउद्दौलासँग पनि मित्रसम्बन्ध कायम राख्नाका निमित्त उनका साथ आपना राजदूत पण्डित वैकुण्ठ उपाध्यायलाई पृथ्वीनारायण शाहले पठाइराखेका थिए । यसरी छिमेकका ठूला राज्यहरूसँग भलाकुसारी गर्दै चौबीसी रियासतहरूमा अधिकार गर्ने उद्योग पनि चलाइराखेका थिए । यी रियासतहरूलाई घेर्नाका निमित्त सल्यानाका राजा श्रीकृष्ण शाहका छोरा युवराज रणभीम शाहसँग आफ्नी छोरी विलासवतीको विवाह गराई मित्रसम्बन्ध स्थापना गरेका थिए । सल्याना रानामठका महन्त भगवन्तनाथद्वारा जुम्ला र जाजरकोटका राजाहरूसँग पनि मित्रसम्बन्ध स्थापना गर्नालाई आपना राजदूत पठाई जुम्ली राजदूत झिकाएका थिए । परबत र लम्जुङका राजाहरू मिली कास्कीमा आक्रमण गरिरहने हुनाले कस्केली राजा सिद्धिनारायण शाहले गोरखालीको ठूलो भरोसा राखेका थिए । यस कारणले तिनसँग मेलमिलाप गर्नलाई महोद्दामकीर्ति शाहलाई पठाए। आगामी बर्सादमा चौबीसी रियासतहरूमा आक्रमण गर्ने अठोट गरी सैनिक, रसद र गोलीगट्ठाको इन्तिजाम मिलाउन नुवाकोटमा रहेका समयमा ई. सं. १७७५, ११ जनवरीका दिन[३६] पृथ्वीनारायण शाह परमधाम भए । दुइ रानी र ७ जना केटी उनका लोथका साथ चितामा भस्म भए । यिनैताका अवधका नवाब शुजाउद्दौलाले र चौदण्डीबाट निकालिएका राजा कर्ण सेनले पनि यस संसारलाई छोडे ।

पृथ्वीनारायण शाहले पुस्तकी शिक्षा पाएका थिएनन्, धार्मिक पाठपूजामा आवश्यक संस्कृत वाक्यहरू पढ्न र सप्तशती पाठ गर्न सक्तथे । मातृभाषामा लेखापढी गर्ने साधारण योग्यता थियो । उनका मुमा र शिक्षकहरूले रामायण र महाभारतका कथाहरूको बोध गराइदिएका र पञ्चतन्त्र आदि नीतिकथा सुनाई राजनीतिमा सिपालु गराइदिएका थिए । घटिया व्यसनदेखि अलग रहेका हुनाले सुयोग्य शासक र चतुर सेनापति बनेका थिए । यसै योग्यता र चातुर्यका प्रभावले ४ सय वर्षअगाडि नासिएका नेपाल राज्यलाई फेरि स्थापना गर्न सकेका थिए । राजामा हुनुपर्ने मुख्य दुइ गुण साहस र धैर्य यिनमा भरपूर थिए । शासनसम्बन्धी कुनै काममा वा लडाइँमा एक दुइ पटक असफल भए तापनि हताश नभई आपना सङ्कल्पलाई पूरा गर्दथे । यस तरहका राज्यस्थापकहरूबाट केही अनाचार वा दुराचार भएका देखिन्छन् । महाराष्ट्रका छत्रपति शिवाजीका जीवनचरित्रमा पनि यस तरहका दोष पाइन्छन् । यस तरहका

३४. वि. सं. १८३१ भाद्रको पहिलो हप्तामा ।
३५. वि. सं. १८३१ पौषको तेस्रो हप्तामा ।
३६. वि. सं. १८३१ माघे सङ्क्रान्तिका दिन ।

दोषबाट पृथ्वीनारायण शाह पनि बचेका थिएनन् । तर चन्द्रमाका बिम्बमा भएका दाग झैँ यिनका गुणका थुप्रामा थोरबहुत दोष बिलाउन सक्तछन् ।

१३। पृथ्वीनारायण शाहले चलिआएका राजनैतिक र धार्मिक व्यवस्थालाई जस्ताकोतस्तै राखेका थिए । सामाजिक व्यवस्थामा थोरबहुत जो हेरफेर गरेका थिए, त्यसको उल्लेख पछि गरिनेछ । राष्ट्रको जरो राज्य हुनाले यसलाई गहिरो र बलियो गराउनाका निमित्त आर्थिक व्यवस्थामा जगैदेखि सुधार गर्न थालेका थिए । यस काममा प्रजाहरूलाई तयार गराउनाका निमित्त आफूले बनाएको राज्यलाई सबै प्रजाको फूलबारी हो भन्ने विश्वास गराएका थिए । आर्थिक उन्नतिका निमित्त खानि, खेती र शिल्पको उन्नति गराउन आवश्यक थियो । खानिका उन्नतिका निमित्त खानि देखियो भने गाउँ पनि सार्ने र खेतीका उन्नतिका निमित्त कुलो लाग्ने ठाउँमा पाखाबाली नलाउने नियम गरिदिएका थिए । कपडा र विलासका सामानका निमित्त देशको धन बाहिर जाने गरेको हुनाले आफ्ना देशमा विदेशी कपडा र विलासका सामानहरूको पैठारी बन्द गरिदिएका थिए । आफ्नो देशमा चाहिने कपडा र भाँडाबर्तन आफ्नै देशमा तयार गर्ने प्रबन्ध मिलाएका थिए । केवल नून मात्र भोटबाट लिन बाध्य भएका थिए । तैपनि तराईलाई उहीँ नून तयार गराउँथे । अरू शिल्पकलाका उन्नतिमा पनि ध्यान दिएका थिए । आफ्ना देशबाट जिन्सी मालको निकासी गरी बिराना देशबाट सुनाचाँदी ल्याएर रैतीहरूलाई धनी गराउनु यिनको मुख्य उद्देश्य थियो ।

राष्ट्रलाई धनी गराउने मुख्य साधन व्यापार हुन्छ भन्ने अङ्ग्रेजहरुबाट यिनले जानेका थिए । भोट र उत्तर भारतवर्षका बीचको व्यापार आफ्ना हातमा लिनाका निमित्त किंलाकको आक्रमण भएको देखेर तिनलाई हटाएपछि यो व्यापार नेपाली व्यापारीका हातमा राख्ने प्रबन्ध मिलाए । विदेशी व्यापारीहरू पाहाडखण्डमा उत्रेपछि आफ्ना देशको भेद थाहा पाउँछन् भन्ने हेतुले कुती केरुङमा र बारा पर्सामा नेपाली व्यापारीका कोठी खुलाए । भोटिया रैतीहरू कुती वा केरुङमा आई र मधिसे व्यापारीहरू बारा वा पर्सामा आई खरीद बिक्री गर्ने बन्दोबस्त मिलाइदिएका थिए । मल्ल राजाहरूका समयमा ल्हासामा नेपाली व्यापारीका जो कोठी खडा भइरहेका थिए, तिनको उन्नति गराउनाका निमित्त नै भोटमा व्यापारीको टोली पठाएका थिए । उद्योग र व्यापारधन्दाका निमित्त जूवा घातक व्यसन हुनाले यसलाई आफ्ना राज्यबाट बिलकुलै उडाइदिएका थिए । नाच–गान पनि घातक व्यसन हुनाले आफू यस व्यसनदेखि टाढै रहेका थिए । चाडबाडमा नेपाली नाचगान हुन दिन्थे, तर मधिसे नटुवा र गवैयालाई आफ्ना राज्यमा टिक्न दिँदैनथे ।

१४। पृथ्वीनारायण शाहले काठमाडौँ आदि रियासतहरूमा अधिकार गर्दा आफ्नो उदारभाव देखाएर पहिले प्रजाका मनलाई जित्ने नीति लिएका थिए । तर राजाहरूका सैनिक बललाई जित्नाका निमित्त तालीमी सैन्य तयार गर्न आवश्यक थियो । पहिले कालु पाँडेद्वारा गोरखाली क्षत्री र मगरहरूको तालीमी सैन्य तयार गरेका थिए। साधारण सैनिकका हतियार खुकुरी र अफिसरका हतियार ढाल तरबार थिए । नुवाकोट आदि प्रदेशहरूमा अधिकार हुँदै गएपछि त्यहाँका क्षत्री र मगरहरूलाई पनि गोरखाली सेनामा लिने नियम गरेका थिए । मकवानपुर र हरिहरपुरमा शत्रुका बन्दूक पाएपछि अङ्ग्रेजी ढाँचाका कम्पनी खडा गर्न थाले । एक कम्पनीमा १०० देखि १२५ सम्म सैनिक रहन्थे । परदेशीलाई आफ्ना राज्यमा ल्याउन पृथ्वीनारायण शाह चाहँदैनथे । तर बन्दूकको काम आफ्ना

सैनिकलाई सिकाउनाका निमित्त कासिमअली खानका सेनामा रहेका तीन जना मुसलमानलाई गोरखामा ल्याएर राखेका थिए । आफ्नै देशमा बन्दूक बनाउनाका निमित्त अङ्ग्रेज वा फ्रान्सीहरूका कारखानामा काम गरेका मधिसे काली-गड झिकाई आफ्ना देशका कालीगडलाई पनि यो काम सिकाएका थिए । यी मुसलमान र मधिसे कालीगडहरूलाई नेपालमा नै घरजमीन दिएर नेपाली बनाएका थिए । बन्दूक र बारूद आफ्ना देशमा बन्न लागेपछि तालीमी कम्पनीहरू बढाउँदै गएका थिए । खानी खोदाउने काम र खेतीको काम बढाएका हुनाले हतियार र रसदको कमी थिएन ।

लडाइँमा मरेका अफिसर वा सिपाहीको खानगी बानगी उनका छोरालाई दिने र छोरा बालक भए उमेर नपुगेसम्म थामिदिने नियम गरेका हुनाले सैनिकमा भर्ना हुने युवकहरू प्रशस्त पाइन्थे । लडाइँमा चोट लागेका सैनिक-हरूको दर्जा बढाइदिन्थे । लडाइँबाट भागेका अफिसर वा सिपाहीलाई अरू सजाय नगरी केवल जागीर खोसिदिन्थे । तर यस्ता भगुवा कम निस्कन्थे । यिनमा फेरि लडाइँमा जान्छु भन्नेलाई पठाइदिन्थे । यिनै उदार नियमहरूका प्रभावले सेनापति र सैनिकहरू यिनदेखि सदा प्रसन्न रहन्थे ।

★

(क्रमागत)

# श्री ५ पृथ्वीनारायण शाहको उपदेशको व्याख्यात्मक संस्कृतपद्यानुवाद

— नयराज पन्त

## धर्मा ऽधिकारस्थितीर् निबन्धुम् इच्छा

### मूलपाठ :

उप्रान्त राजा राम साहले बाध्याको थिति पनि हेरिसके. राजा जयेथिति मल्ले(मल्लले) बाध्याको थिति पनि हेरिसके. राजा महिन्द्र मल्लले बाध्याको थिती पनि हेरिसके. इस्वरले दियो भन्या म पनि यस्ता बन्देजको बान्ह-हजारको थीती बांधि जाला भन्या अबीलाषा थीयो.

### संस्कृतच्छाया

अथ राज्ञा रामशाहेन स्थितिमल्लेन महीन्द्रमल्लेना ऽपि कृताः सर्वा व्यवस्थाः सम्यक् पर्यालोचयम् । ईश्वरश् चेद् अन्वग्रहीष्यद् अहम् अपि प्रजानाम् एतादृशीर् व्यवस्था अकरिष्यम् ।

पद्यमयी व्याख्या

पृथ्वीपाला अनेके गुणगणमहिता अत्र देशे बभूवुस्,
ते वेदैर् धर्मशास्त्रैर् निगदितनियमाल्ँ लोकनिष्ठाः स्थितीश् च ।
दर्शं दर्शं बबन्धुः सकलहितकरीः कालयोग्या व्यवस्थाः,
काश्चित् तासाम् इदानीम् अपि जगति जना भूमिपाश् चाऽनुयान्ति ।।१५२।।
अस्माकं पूर्वजेन प्रथितसुयशसा रामशाहेन राज्ञा
बद्धा लोकव्यवस्थाः प्रणिहितहृदयः साधु सर्वा अपश्यम् ।
स्थित्याह्वेन प्रणीता प्रथमनृपतिना मल्लभूभृत्कुलस्य
सर्वा लोकव्यवस्था मम नयनपथं मानसं चाऽध्यरोहन् ।।१५३।।

नवीनस्य मल्लवंशस्याऽऽदिपुरुषः स्थितिमल्लः

स्थित्यै स्वासां प्रजानां व्यतनुत नियमान् यान् पुरा मल्लवंश्यः
कान्तिक्ष्मापो महीन्द्रो, न्यधिषत हृदये मामकीने पदं ते ।
भूपत्रय्या प्रणीता असुवत नियमाः कान् गुणान् काँश् च दोषान्,
इत्याकारो विचारोऽपि च मम हृदये वर्तते जागरूकः ।।१५४।।

कान्तिपुराऽधीशो महीन्द्रमल्लः

अद्यत्वे का व्यवस्थाः प्रकृतिहितवहाः सन्ति, का नोपयुक्ता
इत्थं कृत्वा विमर्शं समुचितनियमान् नूतनान् योजयित्वा ।
हित्वा हानिप्रदाँस् तान् प्रकृतिहितकरीं नव्यरूपां व्यवस्थां
नेपालेऽहं न्यभन्त्स्यं यदि मयि करुणां विश्वनाथोऽकरिष्यत् ।।१५५।।

लिङ्निमित्ते लृङ् क्रियाऽतिपत्तौ ३।३।१३९ इति लृङ्

याम्योत्तरगो मार्गः

मूलपाठः

पुरुब पछिम्को रस्ता बन्ध गरि नेपालको रस्ता चलाईदिउला.

संस्कृतच्छाया

ईश्वरश् चेद् अन्वग्रहीष्यद् नेपालाद् भोटगामिनः प्राच्यान् प्रतीच्यांश् च मार्गान् निरुध्य नेपालद्रोण्या भोटगामिनं मार्गं च प्रशस्ततरम् अकरिष्यम् ।

पद्यमयी व्याख्या

भोटाद् देशाद् यियासुर् भरतवसुमतीं, भारताद् भोटदेशं
प्रेप्सुर् यश् चा ऽस्ति, तस्मै वितरति पदवीम् एष नेपालदेशः।
विद्वांसः सार्थवाहा उभयविषयजाः प्राकृता मानवाश् च
गच्छन्त्यन्योन्यदेशं बहुतिथसमयाद् एव नेपालसृत्या ।।१५६।।

सृत्या = मार्गेण

अस्माकं सार्थवाहा भरतवसुमती–भोटनिष्ठां वणिज्यां
कुर्वन्त्वेषां समृद्धिः प्रतिदिनमुदिताद् इत्यहं चिन्तयामि ।
प्राज्यैः पण्यैर् महा ऽर्हैः सह विपुलजनाः सार्थवाहाश् चरन्ति,
हिंस्रेभ्यः संहतेभ्यः पथि भवति भयं तस्करेभ्यश् च तेषाम् ।।१५७।।

उदिताद् = उदेतु

हिंस्रेभ्यस् तस्करेभ्यो ऽपि च भवतु भयं स्वप्रजानां न जातु,
मा भूवन् भीतचित्ता निजजनपदजाः सार्थवाहा बिहर्तुम् ।
भोटे देशे वणिज्यां विदधतु वणिजो निर्भया अस्मदीया
इत्याकारो विचारो मनसि कृतपदो वर्तते मामकीने ।।१५८।।

अध्वानो भोटदेशाद् भरतवसुमतीं प्राप्नुवन्तः पुराणाः
पूर्वस्यां पश्चिमायाम् अपि दिशि कतिचित् सन्ति नेपालदेशे ।
संस्कर्ता रक्षिता वा पथिषु नहि जनो दृश्यते को ऽप्यमीषु,
स्वैरं मार्गैर् अमीभिः परजनपदजाः सञ्चरन्ते चरा ऽद्याः ।।१५९।।

एतैर् मार्गैर् अगुप्तैः परजनपदजाः सार्थवाहाश् चरन्ति,
घट्टस्थानानि हित्वा कपटपटुतया नैव यच्छन्ति शुल्कम् ।

गृण्हन्तो भूरि मूल्यं प्रतरणनिपुणा वञ्चयन्ते प्रजाश् च,
पृथ्वीभर्तु: प्रजानाम् अपि च विदधते हानिमेते प्रभूताम् ।।१६०।।

घट्टो नदीतीरा ।ऽदिस्थानम्... आदिना गुल्मप्रतोल्यादि । तत्र यद् देयं नेतव्या ।ऽनेतव्यवस्तुसम्बन्धी राजग्राह्यो भागः स शुल्कः स्याद् इत्यमरकोशस्य २।८।२७ व्याख्यायां महेश्वरः।

मार्गाः प्राच्याः प्रतीच्या भरतवसुमती-भोटगाः स्युर् निरुद्धा,
नेपालद्रोणिनिष्ठो भरतवसुमती-भोटगः संस्कृता ।ऽस्मा ।
हीनश् चौरा ।ऽदिभीत्या सुविहितवसतिर् गौल्मिकै रक्ष्यमाणो
नव्यो वाणिज्यमार्गः स्वविषयहितकृत् स्याद् इयं कामना मे ।।१६१।।

गुल्मः = घट्टदेशे रक्षणार्थं स्थापितं सैन्यम्

गौल्मिकः = गुल्मस्या ऽधिकृतः

## लोकस्थिते रक्षा

### मूलपाठ :

आपना अना जातविसेषको कर्म गर्नु भन्देज गरि जाला.

### संस्कृतच्छाया

ईश्वरस् चेद् अन्वग्रहीष्यत् स्वस्वजात्यनुसारिणीः क्रिया जनाः कुर्वन्त्विति नियमान् अभन्त्स्यम् ।

### पद्यमयी व्याख्या

अन्योन्यं स्पर्धमानं निजनिजनृपतिं ग्रामभूपोपमेयं
स्वल्पाः स्वल्पाः प्रदेशा असदृशचरिता आश्रयन्ते प्रभूताः।
तैः स्वल्पैर् भूमिखण्डैर् लघुमणिसदृशैर् एकसूत्रे निबद्धैर्
आस्ते सम्पद्यमानं घटितबहुगुणं हारवद् राष्ट्रमेकम् ।।१६२।।
एषा पूर्वव्यवस्था भवति किमुचितं साम्प्रतं चेति लोका
राजद्वारं प्रयान्ति प्रतिदिवसमिव स्वीयकर्तव्यनिष्ठाः।

सादृश्ये कार्यनिष्ठे सति च विसदृशीर् यो व्यवस्था ब्रवीति,
तस्या ऽऽज्ञा भूमिभर्तुः प्रकृतिजनमनोग्राहिणी जायते न ॥१६३॥
कश्चित् क्षुत्क्षामकण्ठो न भवतु मनुजो जीविकाया अभावाच्,
छित्त्वा वृत्तीः परेषां सफलयतु जनः को ऽपि न स्वां धनायाम् ।
इत्थङ्कारं विचार्य प्रथमबुधकृतां वीक्ष्य वर्णव्यवस्थां
सम्यग् जातिव्यवस्थां समयसमुचितां कर्तुमिच्छा ममा ऽस्ते ॥१६४॥

धनायाम् = लोभम्

## दह्चोकशिखरिणि राजधानी

### मूलपाठ :

यो तिन सहर भन्याको चिस्व ढुंगो रहेछ. पेलषाल मात्रै ठुलो रहेछ. कुपको पानि षान्याछेउ बुधि पनी हुदैन. सुरो पनि हुदैन. षेलषाल मात्रै रहेछ. मेरो मनसुबा ता दह्चोकमा दरबार बनाउला र चारै दिसा थरघरको गुरु प्रोहित भैयाद भारादार मिर उमराउको घर बनाई छुट्टा दरबार बनाउला र ई तिन सहरमा ता दरबारबाट स्वषसयल्लाई मात्रै जाला भंन्या यस्तो अविलाष थीयो.

### संस्कृतच्छाया

नेपालद्रोण्या इयं पुरत्रयी शीतका प्रतिभाति । अत्र कपटप्रपञ्चाः प्रचुरा दृश्यन्ते । कौपीर् अपः पिबत्सु जनेषु बुद्धिर् अपि न दृश्यते, शौर्यम् अपि न दृश्यते, कपटप्रपञ्च एव दृश्यते, ईश्वरश् चेद् अन्वग्रहीष्यद् दह्चोकपर्वतशिखरे स्वं प्रासादम् अरचयिष्यम्, तं प्रासादं परितो मौलानां गुरूणां पुरोहितानां स्ववंश्यानां महामात्राणां सेना ऽऽध्यक्षाणां च पृथक् पृथग् गृहाण्यरचयिष्यम् । अस्मिन् पुरत्रये तु कतिचनोत्सवमयान् दिवसान् एवा ऽयापयिष्यम् ।

### पद्यमयी व्याख्या

योजं योजं प्रभूतांस् तुहिनशिखरिणं संश्रितान् भूमिभागान्
रोधं रोधं सधैर्यं भरतवसुमती–चीनसीमाप्रसारम् ।
स्थायं स्थायं स्वशक्तौ प्रणिहितहृदया राजधर्मं श्रयेम
चेत् सम्पद्येत पृथ्व्याम् अपि च चिरतरस्थायि नेपालराष्ट्रम् ॥१६५॥

आभीक्ष्ण्ये णमुल् च ३।४।२२

अस्माकं राज्यमास्ते प्रतिशरदमिव स्फातिमासेवमानं,
वर्धन्ते सैन्यवर्गा अधिकृतपुरुषा राजकृत्याश् च तद्वत् ।
भूयस्यः कार्यशाला नियतवसतयो राजकार्यस्य हेतोर्
वर्तन्ते ऽवश्यकार्याः, स्थिरवसतिरतो ऽपेक्ष्यते राजधानी ।।१६६।।

प्रतिशरदम् = प्रतिवर्षम्
स्फातिम् = वृद्धिम्
राजकृत्याः = राजकार्याणि । कृञः श च ३।३।१०० इति कृधातोः क्यप्प्रत्ययः

नेपालद्रोणिनिष्ठं त्रितयमपि पुरां वर्तते रम्यरूपं,
यत्र प्रासादपङ्क्तिर् लसति सह मनोहारिणीभिः कलाभिः।
रम्यैस् तौर्यत्रिकाऽऽद्यैः कतिचन दिवसांस् तत्र शक्रोत्सवादौ
सानन्दं यापयेयं प्रतिसममिति मे कामना बोभवीति ।।१६७।।

तौर्यत्रिकं नृत्यगीतवाद्यं नाट्यमिदं त्रयम् इत्यमरः १।७।१०
शक्रोत्सवादौ = इन्द्रयात्रादौ
प्रतिसमम् = प्रतिवर्षम्
बोभवीति यङ्लुकि ।

द्रोण्या नेपालगाया विलसनविषया आसते पत्तनेषु,
नानाऽऽकाराः प्रभूता जननयनमुषः सन्ति कूटप्रपञ्चाः ।
शौर्यप्रज्ञाऽनुबद्धा समरनिपुणता भासते न प्रभूता,
नाऽस्ते शुद्धं जलं च, स्थिरवसतिरतो रोचते मे न तत्र ।।१६८।।
नेपालद्रोणिनिष्ठं त्रितयमपि पुरां दुर्गरूपं बिभर्ति,
दुर्गाऽन्तःस्थैर् निकाय्यैर् नगरसरणयः सन्ति सङ्कीर्णरूपाः ।
तत्राऽन्येषां बहूनाम् अपि च यदि भवेत् सन्निपातो गृहाणां
नश्येत् तासां पुरीणां बहुतिथसमयाद् रक्षितं दुर्गरूपम् ।।१६९।।

निकाय्यैः = गृहैः
सरणयः = मार्गाः

वर्तन्ते ऽ सूर् नगर्यः परिवृतवपुषो भूमिभागैर् बहिःस्थैः
कुल्या ऽ। म्भःसिच्यमानैर् बहुफलजनकैः क्षेत्ररूपैः समन्तात् ।
बाह्ये भागे पुरीणाम् अपि च यदि भवेत् संनिवेशो गृहाणां
केदाराः स्युर् विनष्टा, बहुमनुजविपद् भोज्यवस्तुक्षयात् स्यात् ॥१७०॥

केदाराः = क्षेत्राणि

ना ऽ त्युच्चो दहचोकनामकगिरिः क्षेत्रैर् गृहैर् वर्जितो
दुर्गीयः शुभतोयवायुसहितः स्वास्थ्यप्रदो दृश्यते ।
नव्यैस् तत्र पृथक् पृथग् विरचितैर् गेहैः समन्ताद् वृतः
प्रासादो ऽ स्तु नवः, स एव शिखरी स्याद् राजधानी नवा ॥१७१॥

दुर्गम् अत्र स्याद् इति दुर्गीयः

नूतनायां राजधान्यां भवतु नृपगृहे नूतने मे निवासस्,
तत्रा ।ऽ चार्यः पुरोधा नरपतिकुलजा मौलवर्गः प्रधानाः ।
सेना ऽ।ध्यक्षा लभन्तां निजपदसदृशं नव्यमेकैकगेहं,
मा द्राक्षुर् लोभदृष्ट्या नरपतिपुरुषा नागराणां गृहाणि ॥१७२॥

प्रधानाः = महामात्राः

नागराणाम् = नगरवासिनाम्

कुर्याम् इत्यादिरूपाः प्रकृतिहितकरीर् न्यायमूला व्यवस्था,
दूरीकुर्यां प्रजानाम् अभविकजननीर् भूयसीः कुव्यवस्थाः।
इत्याशाबद्धचित्ते मयि नयसरणिं याति दुर्व्याधिवात्या
मध्येमार्गं तमिस्रे बत गमयति मे जीवनज्योतिरन्तम् ॥१७३॥

अभविकम् = अकल्याणम्

वात्या = वातसमूहः

## पर्साप्रदेशे विपणिः

### मूलपाठः

उप्रान्त ॥ देसका माहाजन्लाई गोडप्रसाहदेषी उभ आउन नदिनु. देसका माहाजन्हरू हाम्रा मलुकमा आया भन्या दुनिआं कंगाल गरि छाड्दछन्.

संस्कृतच्छाया

परदेशजाः सार्थवाहाः पर्साप्रदेशस्थं दुर्गं यावद् एव विशन्तु । परदेशजाः सार्थवाहा अस्माकं देशं विशेयुश्चेत् ते प्रजाः दरिद्रीकुर्युः ।

पद्यमयी व्याख्या

अल्पिष्ठाया हि नीव्या अधिकतमफलं लिप्सते पण्यवृत्तिस्,
तस्मात् प्रच्छन्नचौरा वणिज इति बुधा नीतिकारा ब्रुवन्ति ।
भूयिष्ठं लाभमाप्तुं निजसदनसुखं प्रोज्झ्य कष्टं विषह्य
संप्राप्ताः सार्थवाहाः परजनपदजा नीवृतं पीडयन्ति ।।१७४।।

नीव्याः = मूलधनात

नीवृतम् = जनपदम्

ते धूर्ताः सार्थवाहाः परजनपदजा नीवृतं पीडयन्तश्
चित्वा चित्वा प्रभूतं द्रविणसमुदयं प्रापयन्ति स्वदेशम् ।
आस्माकीनो दरिद्रो भवति जनपदो, निर्धनत्वात् प्रजानां
नानारूपाः कुकृत्या दुरितसहभुवो लोभमूला भवन्ति ।।१७५।।

द्रविणसमुदयम् = धनराशिम्

मा भूद् दैन्यं प्रजानाम् इति नियमवती स्थापनीया वणिज्या,
पर्सादुर्गप्रदेशे निजजनपदजाः सार्थवाहा वसन्तु ।
पर्सादुर्गं हि यावत् परजनपदजा सार्थवाहा विशन्तु,
तत्रा ऽन्योन्यं विदध्युर् विविधविषयजाः सार्थवाहा वणिज्याम् ।।१७६।।

## स्वदेशजं वस्त्रं परिधेयम्

मूलपाठः

हामीले च्यागापांगा लाई तिन सहर नेपाल र नौलाष् किरायत र हिन्दुपतिको राज आर्ज्यथ्येउ. देसका कपरा लगाउनालाई मन्हाई गरिदिनु. आपना देसका कपरा बन्न ज्यान्यालाई नमना देषाई सधाउनु र बन्न लाउनु र यस्व भया नग(त देस जा)दैन.

## संस्कृतच्छाया

स्वदेशे रचितम् एव साधारणं वस्त्रं परिदधाना वयं नेपालद्रोणीभाञ्जि त्रीणि राज्यानि हिन्दुपतिपदभूषितानां सेनानां च त्रीणि राज्यानि व्यजयामहि । परदेशजं वस्त्रं जना न परिदधत्विति राजा ऽऽज्ञा घोषणीया । स्वदेशजास् तन्तुवाया अभीष्टरूपे वस्त्रे परिचितविनया विधेयाः। लब्धा ऽभ्यासैस् तैस् तन्तुवायैर् अभीष्टरूपाणि वस्त्राणि रचनीयानि । इत्थङ्कारं स्वदेशजं धनं विदेशं न प्राप्नोति ।

### पद्यमयी व्याख्या

स्वे देशे तन्तुवाया रुचिरमरुचिरं वां ऽऽशुकं यद् वयन्ति,
तद् वस्त्रं धारयामो, निजजनपदजं स्वं निदध्मः स्वदेशे ।
अस्माकं नीतिरेषा व्यधित बलवतीं वाहिनीं, सा व्यजेष्ट
भूमीशान् सेनवंश्यान् ज्वलन ३ परिमितांस् तद्मितान् मल्लवंश्यान् ।।१७७।।

स्वम् — धनम्

अस्मद्देशे वसन्तः कृशतरविभवाः श्रीकृपाशालिनो वा
बाह्याद् देशाद् उपेतं परिजहतु जना वस्त्रजातं समस्तम् ।
स्वीये देशे समुत्थं परिदधतु जना अत्र वासः सदेति
राजा ऽऽज्ञा घोषणीया सहपटहरवं नीवृति स्वे समस्ते ।।१७८।।

वासः = वस्त्रम

अस्माकं तन्तुवायाः प्रतिपुरि वसनं प्रत्नरूपं वयन्ति,
कर्तव्यास् ते यथास्वं विदितपरिचया ईप्सिते वस्त्ररूपे ।
लब्धा ऽभ्यासैः कुविन्दैर् वसनमधिभुवः स्वेप्सितं वाययन्तु,
विस्तार्या वस्त्रशिक्षा, द्रविणमपि निजं रक्षणीयं स्वदेशे ।।१७९।।

अधिभुवः = नेतारः

## स्वदेशजं कुप्यं विदेशे निष्क्रम्यम्

### मूलपाठः

आफ्ना देसको जिनीस् जरिबुटि देस लैजानु र नगत वैचनु. (नगत वैचि) राषनु र प्रजा मोटा भया दर्बार बलियो रहन्छ.

### संस्कृतच्छाया

स्वदेशजम् ओषध्यादिकं कुप्यं परदेशे निष्क्रम्य स्वदेशे हिरण्यं प्रवेश्यम् । प्रजासु पुष्टासु राजा पुष्यति ।

### पद्यमयी व्याख्या

देशे ऽस्मिन्नस्मदीये लघुपृथुतनवः सन्ति शैला अटव्य,
उत्पद्यन्ते पदार्था मनुजहितकरास् तत्र नानाप्रकाराः।
ते संचेयाः परीक्ष्याः, स्वजनपदकृते यावतां स्यात् प्रयोगस्
तावन्तः स्थापनीया इह, परविषयं शिष्यमाणाः प्रहेयाः ।।१८०।।

लघुपृथुतनवः = लघ्वाकारा बृहदाकाराश च
परविषयं प्रहेयाः = परदेशे प्रेषणीयाः

अल्पीयांसः पदार्थाः परजनपदजा यत्र पण्या विशन्ति,
भूयांसः प्रव्रजन्ति स्वजनपदभवा नीवृतस् ते यतश् च ।
तत्र श्रीः सा ऽनुरागा वसति जनपदे, भूयसीनां प्रजानां
तत्रत्यानां समृद्धिर् भवति च शनकैर्, वर्धते राष्ट्रतेजः ।।१८१।।

यतो नीवृतः = यस्माज् जनपदात्

## राज्ञः कोषः प्रजाः

### मूलपाठ :

राजाका भंडार भन्याका रैतानहरू हुन्.

### संस्कृतच्छाया

राज्ञः कोषो नाम प्रजाः ।

### पद्यमयी व्याख्या

प्रासादस्थं हिरण्यं विरचयति नृपं नो तथा शक्तिमन्तं,
सद्भक्तिर् लोकहृत्स्था विरचयतितरां तं यथा शक्तिमन्तम् ।

बुद्ध्वैतद् नीतिवाक्यं प्रकृतिहितविधौ चेष्टते यो नृपालो,
हित्वा स्वीयं चलत्वं बहुजनगदितं तं सदा सेवते श्रीः ।।१८२।।

कृत्यं कृत्वा स्वकीयं निजजनपदजा जीवनं प्राप्नुवन्तु,
भोज्यं वस्त्रं च वासं गृहजनमपि ते रक्षितुं शक्नुवन्तु ।
अस्माकं जीविकाया अपहरणकृते शात्रवा बद्धसङ्घा
अस्माकं वीक्ष्य शक्तिं भयचकितहृदः स्वोद्यमं संत्यजन्तु ।।१८३।।

जीवनम् = जीविकाम्
शात्रवाः = शत्रवः

आस्माकीने लघिष्ठे ऽप्यपनयजनिते जायमाने ऽपराधे
शत्रोर् एधेत शक्तिस्, तुहिनशिखरिणं पीडयेद् रोदयेत् सः ।
अस्माच् चित्ते ऽस्मदीये नयसहचरितं भातु शौर्यं सदेति
चिन्ता ऽऽस्ते मानसे मे विहितदृढपदा पद्धतेर् दर्शिका ऽ। स्याः ।।१८४।।

अपनयः = दुर्नीतिः
तुहिनशिखरिणम् = हिमालयम्

## करग्रहणे क्रेतृसङ्घर्षरीतिर् न प्रवर्तनीया

### मूलपाठः

मलुकमा ईजारा पनि नदिनु, सर्षारबाट अमानित् राषि सर्षारिया तहसिल् राषी सालबसाल्को कचा लिनु.

### संस्कृतच्छाया

कर्षकादिभ्यः प्रजाभ्यो राज्ञे देयं करं गृहीत्वा यो राज्ञे ऽधिकतमं करं प्रतिजानीते, स एव करग्रहणा ऽधिकारी भवत्विति नियमेन करो न ग्राह्यः । राजकीयम् अधिकरणं स्थापयित्वा तेना ऽधिकरणेन राजकीयं करं गृह्णातु राजा । प्रतिवर्षं तस्या ऽधिकरणस्या ।ऽ यव्ययपरीक्षा च कार्या ।

### पद्यमयी व्याख्या

यो दातुं भागधेयं प्रचुरतममिलापालकाय प्रतिज्ञां
कुर्याद् मर्त्यः स एव प्रभुवरपदवीं प्राप्नुयात् कर्षकाणाम् ।

लब्ध्वा ऽ। सौ कर्षकेभ्यः करमवनिभुजे स्वप्रतिज्ञा ऽ। नुसारं
दत्त्वा भुञ्जीत शेषं स्वयमिति भवति क्रेतृसङ्घर्षरीतिः ।।१८५।।

भागधेयम् = करम्

इलापालकाय — राज्ञे

चेद् दीयेता ऽधिकारः करहरणविधौ क्रेतृसङ्घर्षरीत्या
यावच्शक्ति प्रभूतं कृषकसमुदयाद् भागधेयं जिघृक्षुः ।
व्याजान् नानास्वरूपान् रचयितुमपि नो सङ्कुचेत् सो ऽधिकारी
त्याज्या ऽ। तः स्वप्रजानाम् अभविकजननी क्रेतृसङ्घर्षरीतिः ।।१८६।।

अभविकजननी = अकल्याणकरी

स्थाने स्थाने पृथिव्याः पतिरधिकरणं स्थापयेद् राजकीयं
सञ्चेतुं राजभागं पृथगधिकरणं तत्र तत्रैव कुर्यात् ।
एतावान् भागधेयः प्रतिसममवनीपालकोशं प्रवेश्यस्,
तत्रेमौ सिद्धसाध्यौ पृथगिति च भवेद् गाणनिक्या ऽधिकारः ।।१८७।।

प्रतिसमम् — प्रतिवर्षम्

राजग्राह्य एतावति कर एतावान् गृहीत इति सिद्धः । एतावांश् च ग्राह्य इति साध्यः ।

## महामात्राः सैनिकाश् च धनं ना ऽर्जयेयुः

### मूलपाठ :

क्या चुनी सिपाई भया क्या भैंभारादार भया इनलाई दवलथ कामाउन नदिनु. आदमी हेरि हुर्मत् मात्रै राषीदिनु. क्यान भनौला दवलथ् भयाकाले तरवारमा पसि मर्न मार्न सकैनन् र हरिपको चपक् हुन्छ. सिपाहि भैंभारादारले स्वष गरेनन् भन्या चारै षुट्मा मेरो तरबार बजनैछ. स्वषमा पसो भन्या.

### संस्कृतच्छाया

सैनिका महामात्राश् च धनं संचेतुम् अवसरं न लभेरन् । स्वपदसदृशीं लोकयात्रां विधातुम् एव ते प्रभवेयुः । धनिकाः पुरुषा जीवं वा पातयेयं कार्यं वा साधयेयम् इति गर्जन्तः सङ्ग्रामभूमौ रिपुभिः सह संगन्तुं सङ्कुचेयुः । अतः शत्रुप्रतापो वर्धेत । सैनिका महामात्राश् च विलासिनो न स्युश् चेद् मम वाहिनी चतस्रो ऽपि दिशो जयेत् । ते बिलसनरसिकाश् चेद् भवेयुर मया कष्टेन समुपार्जितम् इदं राज्यम् अपि नश्येत् ।

पद्यमयी व्याख्या

लक्ष्म्या साकं रमन्ते विलसनविषयाः प्रायशो मर्त्यलोके,
जायन्ते मन्दमन्दं विलसनरसिकाः प्राय आलस्यभाजः ।
आलस्या ऽऽक्रान्तचित्ता विदधति सफला मानवा न क्रियाः स्वा,
भग्नासु स्वक्रियासु प्रवसति हृदयाच् शूरता मन्दमन्दम् ।।१८८।।
योद्धारो यत्र देशे विलसनरसिकाः शौर्यहीना भवेयुर्
दृश्येरंस् तत्र देशे रिपुकरविधृता उज्ज्वलाः खड्गधाराः ।
मा भूद् देशः स्वकीयो रिपुवशग इति प्रेक्षया सावधानो
लक्ष्मीसेवाविधाने भजतु नरपतिः संयमं सर्वदैव ।।१८९।।

प्रेक्षया —बुद्ध्या

सेना ऽऽध्यक्षा अमात्या अधिकृतपुरुषा बान्धवा राजकीयाः
स्वं कृत्यं सावधाना विदधतु नियतं सर्वदेति क्षितीश :
ते कर्तुं लोकयात्रां निजपदसदृशीम् ईशतां किन्तु भूरि
द्रव्यं चेतुं लभन्ताम् उचितमवसरं नेति चिन्तां विदध्यात् ।।१९०।।
स्वे राष्ट्रे शत्रुसैन्यैर् घटितबहुबलै रुध्यमाने समन्ताद्
आढ्या मर्त्याः स्वकीयं द्रविणसमुदयं रक्षितुं सक्तचित्ताः ।
सम्पद्यन्ते तदर्थं विदधति बहुलं कृत्यजातं, परन्तु
तेषां मन्दा युयुत्सा भवति, नरपतिं स्वं च ते वञ्चयन्ते ।।१९१।।
शत्रुः पद्भ्यां प्रकामं प्रहरतु, विलयं यातु राष्ट्रं स्वकीयं,
ध्वंसन्तां बान्धवाः स्वे प्रतिदिनमथवा दुःखभाजो रुदन्तु ।
अस्माकं द्रव्यमात्रं व्रजतु न विलयं, येन कालं नयेम
भुक्त्वा पीत्वेति वक्तुं चरितुमपि तथा नैव ते सङ्कुचन्ति ।।१९२।।
हन्यां प्रत्यर्थिवर्गं किमुत निजतनुं पातयेयं रणा ऽऽग्ना-
वेवं ध्यायन् मनुष्यो निजभुजतरसा कम्पयेच् शत्रुसेनाम् ।

लक्ष्मीशाली विलासी नहि भवति तथा कर्तुमीशः कदाचित्,
सेना ऽ। ध्यक्षा ।ऽ दिवर्गे सति धनबहुले नो भवेद् राष्ट्ररक्षा ॥१९३॥

निजभुजतरसा = स्वबाहुबलेन

अस्माकं वंशजाता अधिकृतपुरुषाः सैनिकाश् च स्वराष्ट्र-
स्वार्थं संवीक्षमाणा विलसनविषयान् दूरतश् चेत् त्यजेयुः।
अस्मद्राष्ट्रस्य कीर्तिः प्रतिदिनमवनिं छादयेद् एधमाना,
बाहिन्यश् चा ऽस्मदीया निजभुजतरसा कम्पयेयुः समस्तान् ॥१९४॥
सम्पद्येरन् विलासप्रणिहितहृदया अस्मदीया जनाश् चेत्
प्राज्यैः कष्टैः प्रसिद्धा बहुसमयभवा साधनेयं मदीया ।
सम्पद्येत प्रलीना, कतिपयदिवसैर् जन्मभूर् वीरजातेर्
एषा भूमिश् च रुग्याद् निजकुतनयजैर् दुश्चरित्रैश् चिराय ॥१९५॥

## मया समुपार्जितं इदं राष्ट्रम् उच्चावचजातिजानां सर्वासां प्रजानां साधारणी पुष्पवाटिका

### मूलपाठः

मेरा साना दुखले आर्ज्याको मलुक होईन. सबै जातको फुल्बारि हो. सबैलाई चेतना भया यो फुल्बारिको छोटा बडा चारै जात छतिसै वर्नले यो असिल् हिन्दुस्थाना हो. आपना कुलाधर्म नछोड्नु.

### संस्कृतच्छाया

मया महता कष्टेन समुपार्जितम् इदं राष्ट्रम् उच्चावचजातिजानां सर्वासां प्रजानां साधारण्यं दधाना पुष्पवाटिका वर्तते । चतुर्षु वर्णेषु षट्त्रिंशति जातिषु च विभक्ता उच्चावचाः सर्वाः प्रजा इदं राष्ट्रम् उत्तमा हिन्दुभूमिर् इति मन्वानाः स्वकुलधर्मं न त्यजेयुः ।

### पद्यमयी व्याख्या

यावज्जीवं द्विषद्भी रणभुवि विहिताः शस्त्रवृष्टीर् विषह्य
बुद्ध्या तेषां प्रयोगान् विविधविषयकान् दूरतः संनिरस्य ।

या भूः प्राप्ता मया तां निजसदनतया भावयन्तः समस्ता
वर्णा अन्ये च सर्वे निजजनसुखदां वाटिकां जानतां स्वाम् ।।१९६।।

वर्णा वा तद्बहिःस्था अधिगतपृथुताः क्षुद्रतां संश्रिता वा
प्रेक्षावन्तो मनुष्या निजगृहमिति ये देशमेतं श्रयन्ते ।
साधारण्यं दधानां विविधसुमचितां वाटिकां ते स्वकीयां
मन्वाना देशमेतं दधतु निजमनः सन्ततं रक्षणे ऽस्य ।।१९७।।

अधिगतपृथुताः = महत्त्वं प्राप्ताः

प्रेक्षावन्तः = बुद्धिमन्तः

अस्माकं देश आस्ते पृथुलशिखरिभिर् निम्नगाभिः सरोभिः
पुण्यैर् देवर्षिसेव्यैर् अधिगतवसतिः सिद्धिदः साधकानाम् ।
यत्रा ।ऽस्ते शैलराजस् तुहिनवृततनुर् दूरतः प्रेक्षणीयो ऽ-
ध्यास्ते यं विश्वसृष्टिस्थितिविलयकरः पार्वतीजानिरीशः ।।१९८।।

पार्वतीजानिः = गौरीपतिः

हिन्दुद्वेषं प्रभूतं निजहृदि नियतं कालिकं धारयन्तो
भूमीशा म्लेच्छवंश्या बहुतिथसमयाद् भुञ्जते भारतक्ष्माम् ।
गोहत्या ऽऽद्याः प्रभूताः कलुषसमुदया भारते दृश्यमाना
अस्माकं देशमेतं शुभनियतिवशाद् ना ऽद्यावत् स्पृशन्ति ।।१९९।।

प्रकृष्टो दीर्घः कालो ऽस्य कालिकः

ध्यायं ध्यायं चिराय प्रणिहितहृदयास् तत्त्वमापुर् यदन्तः
कारं कारं परीक्षां ददृशुरवहिता यद् बहिः पूर्वविज्ञाः।
तत्प्रामाण्या ऽनुसारं व्यवहृतिविषयान् सावधानाश् चरन्तो
भुक्तिं मुक्तिं च लब्धुं सुखमिह सकला मानवाः शक्नुवन्ति ।।२००।।

अस्मद्धर्मं द्विषन्तः कुहकसुपटवो वाक्प्रपञ्चप्रवीणा
आगच्छन्त्यत्र केचित् परजनपदतश् छद्मवेषा मनुष्याः ।
अत्रत्यान् मुग्धचित्तान् कतिचन मनुजाँल् लोभयित्वा पुराणाद्
आचाराच् च्यावयित्वा स्ववशमुपगतान् कुर्वते ते स्वशिष्यान् ।।२०१।।

अस्माकं सैन्यशक्ति विविधविषयका गोप्यरूपा व्यवस्थास्
तोयस्थानानि मार्गान् समरसमुचितान् पार्वतान् भूमिभागान् ।
स्वैः शिष्यैर् गुप्तरूपैर् धृतयतिवसना जानते ते प्रयत्नाद्,
अस्मद्देशं जिगीषोः सितवदनपतेः प्रापयन्ति श्रवश् च।।२०२।।

धृतयतिवसनाः = भिक्षुवेषाः

श्रवः = कर्णम्

स्वा ।ऽऽचारे ऽस्मत्कुलोत्थे न भवतु सुदृढा बद्धमूला सदास्था,
श्रद्धा धर्मे स्वकीये भवतु च हृदि नः क्षीयमाणा क्रमेण ।
देवेषु स्वेषु सर्वेष्वपि च शिथिलतां यातु नः पूज्यबुद्धिर्
इत्थङ्कारं विचार्य प्रणिगदति वचो नूतनो योगिसङ्घः ।।२०३।।

केचिच् शम्भुं श्रयन्ते, कतिचन सुगतं, वासुदेवं परे तु,
केचित् काञ्चिच् च शक्तिं, गणपतिमपरे, सूर्यमन्ये भजन्ते ।
एवं चित्ते स्वकीये दृढनिहितपदां देवतां शुद्धभक्त्या
ध्यायन्तः स्वीयधर्मं विदधति मनुजा अस्मदीये ऽत्र देशे ।।२०४।।

सुगतम् = बुद्धम्

स्वा ऽभीष्टं देवमेकं हृदि दृढतमया सेवमानो ऽपि भक्त्या
मर्त्यः सामान्यभक्त्या भजति सुमनसो ऽन्यांश् च निष्पक्षपातम् ।
धर्मा ।ऽऽचार्यस्वरूपाः कतिचन दधते सम्प्रदायोक्तभेदान्,
धर्मद्वेषो ऽत्र देशे स्पृशति न जनतां क्वा ऽपि सामान्यरूपाम् ।।२०५।।

सुमनसः = देवान्

देशे ऽस्मिन्नस्मदीये चलति बहुमता कालिकीयं व्यवस्था,
श्रूयन्ते किन्तु निन्दाः प्रतिपथमधुना धर्मविद्वेषमूलाः ।
धर्मद्वेषप्रसारं निजमतविततिं कर्तुकामेभ्य एभ्य
आयातेभ्यो नमो ऽस्तु, स्वजनपदमिमे सद्य एव प्रयान्तु ।।२०६।।

# श्री ५ पृथ्वीनारायण शाहको अप्रकाशित पत्र

– दिनेशराज पन्त

गोर्खा च्याङलिङटार घर भई हाल तनहुँ विमलटार बस्ने श्रीयमप्रसाद कणेलको सङ्ग्रहमा रहेको यस पत्रको प्रतिलिपि सकलबाट वि. सं. २०३७ मार्ग १८ गते रातको ६॥ बजे विमलटारमा मैले लिएको हुँ । पृथ्वीनारायण शाहले वि. सं. १८०२ मा सदाशिव उपाध्यायसँग १३४ रुपियाँ लिई रजबन्धकी दिई यो पत्र लेखिदिएका हुन् । यमप्रसाद कणेलका छ पुस्तामाथिका पुर्खा सदाशिव कणेल हुन् भन्ने कुरा उनीहरूको वंशावलीबाट थाहा हुन्छ ।

वीरपुस्तकालयबाट प्रकाशित श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीमा सदाशिव उपाध्याय कणेलको चर्चा आएको छ । जस्तै —

वाहांदेषिन् पाटन्या काजिहेरुको परशुराम थापाको सल्लाह संवत गरि गोर्षालाइ उठाइ जयप्रकाशलाई काबु गरुं भनि परशुराम थापा गोर्षा जाँदो भयो. ...

श्री ५ माहाराज पृथ्वीनारायण शाह आफै पाउलाग्नुभई बस्(उठ) गरिबक्सनुहुनाले अरु सबै थरघर परशुराम थापासित गई बस्उठ गऱ्या. काजि कालु पाँडे र कचहरिदार कड्याल सदाशिव पाध्याबाहेक ...

वाहाँदेषिन् सदाशिव पाध्या कड्याल्लाई पनि श्री ५ महाराज पृथ्वीनारायण शाहबाट परशुराम थापासित सबै गइ बस्उठ गऱ्या. तिमी किन गयेनौ भनि सोधनी हुँदा सदाशिव पाध्या कड्या(ल)ले बिंति गर्दा भया. सर्का(र)ले बस्उठ् गरिबक्स्यापछि हाम्रो क्या हिसाप रह्यो. हामिले गऱ्यूं भनि बिंति गर्दामा मैले तिमिलाइ पत्यायाको छ. जाहाँका मानिस जो कोहिले पनि बस्उठ गऱ्या. तिमि किन बस्उठ गर्दैनौ भनि हुकुम हुँदा सदाशिव पाध्या कड्याल्ले सोछ (मौका) पाया बिंति गर्दा हुं भनि बिंति गऱ्या. एकान्त बक्सनुहुंदो भयो. ताहाँदेषिन् सदाशिव पाध्या कड्याल्ले बिंति गर्दा भया. इ थापा भन्याका निमषहराम् हुन्. निमष्हरामको मुष हेर्नु पनि छैन भनि बस्उठ् नगऱ्याको हुँ. क्या अर्थले भन्या सत्कर्ममा लाग्याको सोझो सेवकरूपि मंत्रि जो छ. मंत्रि क्या गर्छ भन्या आपना देशको षेलबाल् तोडि अर्काका देशमा षेल पार्छ. येस्तो प्रबंद जान्न्या मंत्रीका भर राजाले पर्नू योग्य हुंछ. इ त कस्ता छन् भन्या परिपंच गरी गरी आपना देश पनि बिगार्न्या. आपना देशको आसा नराष्न्या मानिस्ले अर्काको देश बिग्रेला भनि माया मान्दैनन्. येस्ता मानिससित क्या बसउठ छ भनि मैले बस्उठ् नगऱ्याको हो. इ कस्ता भन्या वैरिको डर देषाई पुकीन्ज्याल्सम्म वैरिको डर देषाई राजालाई हात लो काम गर्न्या. वैरीको डर देषाई काम पुगेन भन्या वैरिलाई उठाई ल्याउन्या. राजाको मुलुक सप्रोस् बिग्रोस् येस्ताको विचार कत्ति पनि नराष्न्या. आपनै नाता संबंध पक्षपातको पालनामा तत्पर भई आपनै कार्य सिद्ध

गर्न्या. येस्ता निमषहराम्सित बस्उठ गर्दा आपना बात बचाई बस्उठ् गर्न्या जावस् भनि बिंति गर्दामा श्री ५ माहाराज पृथ्वीनारायण शाहबाट हुकुम हुँदो भयो. कस्तो भन्या राजा भई सबैसित बसउठ गर्नुपर्छ बसउठ नगरि मानिसका बुद्धिको विचार हुंदैन. तदर्थ ई येस्ता षेदि प्रपंच्या छन् भनि मलाई याद छ इन्को प्रपंच इनैका कपालमा फिराई काम गरुंला भनि ठान्छु. दैबले मेरो आयुर्दा काहाँसम्मको दिन्छन्. येस बातको मात्रै मलाई सन्देह छ भनि हुकुम भयो र वाहाँदेषिन् सदाशिव पाध्या कड्या(ल)-ले बिंति गर्दा भया. कस्तो भन्या यो परसुराम थापाको मनसुवा कस्तो छ भन्या हजूरलाई आहाँदेषि उठाउँला र नुवाकोटमा निसाना गडि उडाउँला र राजा जयप्रकाशलाई काबु गरि राजा जयप्रकाश-लाई फेरि हात ली फेरी नेपाल्या राजालाइ उठाई हजुर्लाई नुवाकोटदेषिन् उठाई त्रिशूलगंगा तारि फेरि गोर्षै दाषिल गराउँला भन्या तेस्को मनसुबा तेहि छ. हजूर्को निसाना नुवाकोटमा गड्यापछि फिर्न्याछैन. तिनै सह (र) हात आईजान्याछ भनि सदाशिव पाध्या कड्याल्ले फेरि बिंति गर्दा भया. कस्तो बिंति भन्या ई थापा कस्ता हुन् भन्या हजु(र)लाई नुवाकोटको चढाई गराई राजा जयप्रकाश-लाई काबु गरौं. राजा जयप्रकाश काबु भयापछि फेरि गोर्षालाई गोर्षै दाषिल गराउँला भन्न्या इन्को मतलप् यस्तै छ. यस्तै छ तापनि हजुर्हेरुलाई अघि श्रीदेवताको बरदान भयाको छ. नुवाकोट फत्य भया-पछि हजूरको मोहोडा फिर्न्याछैन भन्या जस्तो हाम्रा चित्तमा लाग्छ. हामीलाई उठाउन आया त बडियै चिन्तना गरि आयाका हुनन् भन्या जस्तो मानि थापैका भर मात्रै नपर्न्याजावस्. राजा भई आद्मि-अन्सारको चतुराञी राषि बेहोरा गर्नू पर्छ. राजासित हजार डबलका बिंतिदार् निक्लन्छन्. जसजसले जो जोमाफिक्संग बिंति गर्छन्. सो माफिकमा कुशाग्रबुद्धि तुल्याई दूरदेषीन् निगाहा परिक्षा राषी नेग्वध (असल खराब) को परीक्षा गर्नुपर्छ भनि सदाशिव पाध्या कड्याल्ले बिंति गर्न्या र श्री ५ महाराज पृथ्वीनारायण शाहबाट जोग्य बेस् बिंति गर्‍यौ. त्यो बेस् हो. जस्तासंग तस्तो म गर्न्यैछु. यो कुरो बाहिर प्रकाश नगर्न्या भनि हुकुम हुँदो भयो.

(वि. सं. २०२५ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तको श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ७६२, ७६४, ७६५.–७६६ पृ.)

यस वर्णनमा पृथ्वीनारायण शाहलाई काठमाडौंका मल्ल राजा जयप्रकाश मल्लको विरुद्धमा उठाउन आएका परशुराम थापाप्रति सदाशिव उपाध्याय कर्णेलले अविश्वासको भाव लिएको कुरा परेको छ । कालक्रमको दृष्टिले यो अलि मिल्दो छैन । किनभने काशीराम थापा वि. सं. १८०३ मा मारिएपछि[१] परशुराम थापा जयप्रकाश मल्लको बिपक्षमा गएका हुन् र राज्यच्युत भएका जयप्रकाश मल्लले राज्य पुनः हस्तगत गरेपछि परशुराम थापा-सम्बन्धी यो घटना बयान यस वर्णनको माथिल्लो भागमा गरिएको छ ।[२] यस वर्णनमा पृथ्वीनारायण शाहले नुवाकोट

१. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ७५८ पृ.

२. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ७६१ पृ.

नजितिसकेको उल्लेख छ तापनि वि. सं. १८०७ मा जयप्रकाशले राज्य फेरि हस्तगत गरेका[३] र वि. सं. १८०१ मा नै पृथ्वीनारायणले नुवाकोट विजय गरिसकेका हुनाले[४] संवत्को क्रमले यो घटना गज्याङमज्याङ हुन गएको छ। यसो भए तापनि पृथ्वीनारायण शाहकहाँ परशुराम थापा आएको र उनको बारेमा सदाशिव उपाध्याय कणेलले आफ्नो विचार प्रकट गरेकोमा केही फरक पर्दैन। खालि श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जीवनीकारको तिथिमितिको अज्ञानलाई मात्र यसले प्रकट गर्छ। स्वयं पृथ्वीनारायणले आफूले परशुराम थापाबाट धोका पाएको कुराको चर्चा गरेका छन्।[५] यस कारण सदाशिव उपाध्याय कणेलले भनेको कुरा पछि ठीक देखिन्छ।

यिनै चर्चित सदाशिव उपाध्याय कणेललाई पृथ्वीनारायण शाहले गरिदिएको सो रजबन्धकीपत्र अब तल दिइन्छ।

श्रीदुर्गा१

दुर्गा

भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामनिनरनारायने-
२. त्यादिविविधविरुदावलिविराजमानमानोन्न-
३. तश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्नृपपृथ्वी-
४. नारायनसाहदेवानां सदा समरविजयीनां
५. आगे सदाशिव उपाध्याके च्याँलि कमदोटा-
६. र बाँधा दिहल रुपैया १३४ऽ अक्षरेपि येक
७. सय चौतिस. भाषा जहिया रुपैया देव. तहिया मा–
८. टो लेव. इति संवत् १८०२ चैत्रशुदि
९. ९ रोज ५[६] शुभं

(मसँग विसलटार जानुभएका श्रीऐश्वर्यधर शर्मा धन्यवादका पात्र हुनुहुन्छ।)

---

३. श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ७८०–७८३ पृ.

४. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ७२१ पृ.

५. श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ३२१–३२२, ११२१–११२६ पृ.

६. यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १८०२ चैत्रशुक्ल

| | गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| चैत्र | २२ | बृहस्पति | नवमी | ३०। | १६ |

# मेरो अवस्था यस्तै छ

– नयराज पन्त

साठीभन्दा पनि वय चढ्यो सात बढ्ता भएर,
बित्नै लागे विधुर हुन गै पूर्ण छब्बीस वर्ष ।
छोरा छोरी पनि सब बढे भैसके बाबु आमा,
दर्ता होलान् अलिक दिनमा ती त बाजे बज्यैमा ।।१।।
केही चेला पनि भइसके विज्ञताले प्रसिद्ध,
केही चेला क्रमसँग भए शासिता सुप्रसिद्ध ।
विद्यार्थीकै सदृश छु, अझै पाठ उध्रन्छु नित्य,
जानेसम्मन् अलिअलि गरी क्यैनक्यै लेख्छु नित्य ।।२।।
सेतो दाह्री सब भइसक्यो, मृत्युको द्वारमा छ,
विद्यार्थी कैँ प्रतिदिन अझै यो कराएर पढ्छ ।
के गर्ने हो अझ पनि पढी, काम के दिन्छ त्यल्ले
भन्दै केही मुसुमुसु गरी काट्तछन् बात ऐले ।।३।।
शङ्का उठ्छन् हृदयतहमा, ती सबै हून् विलीन
भन्ने सम्झी श्रमसँग सधैँ पढ्न गर्छु प्रयत्न ।
केही शङ्का हटि पनि सके, छन् अझै धेर शेष,
त्यल्ले गर्दा पठनतिरकै चाहना भो विशेष ।।४।।
जन्मन्छ, विस्तार गरेर बढ्छ,
युवा भई वृद्ध भएर मर्छ ।
सामान्य यो लोककथा कहिन्छ,
चारौँ अवस्थातिरमै छु आज ।।५।।

वि. सं. २०३७।५।२०।६–२१।७

कार्यालय-

संशोधन-मण्डल

१०/३७४ बटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०३८ भाद्र

यस अङ्कको मूल्य रु. १०।-

मुद्रकः-

चाँमुन्द्रा प्रेस

यट्खाटोल, काठमाडौं, नेपाल